*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघः टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६३

नेपाल सम्बत् ११४०

इस्वी सम्बत् २०१९

बिक्रम सम्बत् २०७६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**12th DEC 2019**


| वर्ष- ३७ | अङ्क- ८ | योमरी पुन्हि | मंसिर २०७६ |
|---|---|---|---|


शत्रुले शत्रुलाई जति हानी पुऱ्याउन सक्छ, त्यो भन्दा बढी हानी कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ ।

सुमार्गमा लागेको चित्तले आफूलाई जति उपकार गर्छ, त्यति उपकार आफ्नै बुबा, आमा र कुटुम्बले समेत गर्न सक्दैनन् ।

अर्काको दोष र अरुले के गऱ्यो ? के गरेन ? भनी हेर्नुभन्दा आफ्नो दोष र आफूले के गरें ? के गरिन भनी हेर्नु नै बेस छ ।

मालीले थुपारिएको फूलहरूबाट राम्रा-राम्रा फूलहरू छानी राम्रो माला उने झैँ संसारमा जन्मने मानिसले छानी छानी असल कामहरू गर्दै लानुपर्छ ।


Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# असल राज्यको लागि राज्य शासकहरूले पालन गर्नुपर्ने ७ वटा कर्त्तव्यहरू

बुद्धकालिन समयमा भगवान् बुद्ध वैशाली गणराज्यस्थित सारंदद चैत्य परिसरमा रहनुहुँदा थुप्रै लिच्छवीहरू उहाँको दर्शनार्थ आएका थिए । त्यस समयमा उहाँले वैशाली गणराज्यको सुरक्षाको लागि लिच्छवीहरूलाई वज्जी गणराज्यको सफलताको लागि पालन गर्नुपर्ने ७ वटा कर्त्तव्यहरूको विषयमा बताउनु भएको शिक्षा आजसम्म पनि अति स्मरणिय, मनन र पालन गर्न अत्यावश्यक देखिन्छ । यसलाई अङ्गुत्तर निकाय २.७.२१ को सारन्दद सुत्तमा उल्लेख गरिएको छ । ती यसरी छन् –

१) लिच्छवीहरू ! जबसम्म वज्जी गणराज्यका सांसदहरू सांसद भवनमा समय समयमा एकत्रित रही देश सुरक्षार्थ विचार विमर्श गर्ने कार्यमा जाँगर चलाउने गर्छन्, आफ्नो देशको सुरक्षार्थ सजग र सचेत रहने गर्छन्, तबसम्म उनीहरूको देशमा कुतत्वहरूले चलखेल गर्न सक्ने छैनन् । फलस्वरुप उनीहरूको शासन सफल भइरहने छ ।

२) लिच्छवीहरू ! वज्जी सांसदहरू आफ्नो देशमा आइपर्ने कुनैपनि संकटको घडीमा बजाइने घण्टा बज्ने बित्तिकै खाना खाइरहेकै अवस्था भएपनि वस्त्र अलंकार सजाइरहेको अवस्था भएपनि त्यसलाई त्यागेर तत्काल संसद भवनमा पुग्न सक्नु पर्दछ । त्यहाँ पुगी देशमा आइपरेका संकटलाई एक आपसी छलफल र विचार विमर्शले जुन निर्णय गर्दछ, त्यसलाई एकमत भई समस्या समाधान गर्नुपर्दछ । मतभेदमा मात्र अल्भिरहने बानीले एक आपसमा वेमेल भई दुश्मनहरूसँग सामना गर्ने क्षमतामा ह्रास हुनेछ । जबसम्म सबै देशवासीहरूले रक्षार्थ सहयोग गर्ने कार्यलाई आफ्नो कर्त्तव्य ठान्दछन्, तबसम्म वज्जी गणराज्यको विजय नै हुनेछ ।

३) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले आफ्नो परम्परागत राज्य विधान र न्याय संहितालाई अतिक्रमण गर्दैनन्, तबसम्म उनीहरू सफल नै हुनेछन् ।

यसको लागि सांसदहरूले आफ्नो क्षेत्रमा रहेका प्रजाहरूलाई नियम विपरित कर उठाएर दुःख दिने कार्य त्याग्नु पर्दछ । राज्यले तोकेको कर असुल गर्दा पक्षपाती व्यवहारहरू त्याग्नु पर्दछ । न्यायपालिकाको पुरानो दण्ड संहितालाई उल्लंघन गर्न हुन्न । अपराधीको दोषलाई न्यायपूर्वक केलाएर मात्र दण्ड दिने कार्य गर्नुपर्दछ ।

जुन देशमा सरकारको तर्फबाट उचित न्याय प्राप्त भइरहन्छ, त्यस देशका जनता सरकार देखि सन्तुष्ट र प्रसन्न रहन सक्छन् । जसले गर्दा उनीहरू देश सुरक्षा कार्यमा सहर्ष भागीदार बन्नेछन् ।

४) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले आफ्नो देशका अनुभवी वयोवृद्धहरूलाई आदर सत्कार, मान सम्मान र गौरव राख्ने गर्छन्, उनीहरूलाई उपेक्षा नगरी उनीहरूको अनुभव र राय सल्लाहलाई ध्यान दिने गर्छन्, तबसम्म वज्जीहरूको शासन सफल हुनेछ । तर उनीहरूलाई अवहेलना गरियो भने उनीहरूको तर्फबाट प्राप्त भइरहेको महत्वपूर्ण एवं ज्ञानवर्द्धक सल्लाह सुझावहरू गुमाउन पुगी देशलाई हानी पुग्नेछ ।

५) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले आफ्ना जनताका छोरी बुहारीहरूको उचित संरक्षण दिइरहन्छ, कसैको अपहरण गर्दैनन्, दुर्व्यवहार गर्दैन, तबसम्म उनीहरूको शासन सफल नै हुनेछ ।

६) लिच्छवीहरू ! जबसम्म वज्जीहरूले राज नगर भित्र र बाहिर रहेका चैत्यहरू र देवस्थानहरूलाई मान, सम्मान र संरक्षण गरी राज्यको तर्फबाट दिनुपर्ने आर्थिक अनुदान समय समयमा दिइरहने गर्छ, यस कार्यमा लापरवाही गर्दैन, तबसम्म उनीहरूको राज्य शासन सफल भइरहने छ ।

७) लिच्छवीहरू ! जबसम्म वज्जीहरू सन्त र अरहन्त (पवित्र चित्र सहितका व्यक्तिहरू) लाई आदर गौरव राखी उनीहरूको सुरक्षा एवं सुव्यवस्था कार्यलाई कायम राख्दछ, तबसम्म उनीहरूको शासन व्यवस्था सफल नै हुनेछ ।

दूरदर्शी भगवान् बुद्धले अशल राज्यको लागि दिनुभएको यस ज्ञानलाई पालन गर्नसक्नु नै हरेक राज्य शासकहरूको कर्त्तव्य हुनेछ । बुद्ध शिक्षानुसार आ-आफ्नो कर्त्तव्य नै धर्म हो । त्यसैले कर्त्तव्य पालन गर्नुनै धर्म पालन गर्नु हो । धर्म पालन गर्ने व्यक्तिलाई मात्र धर्मले रक्षा गर्ने प्रकृतिको नियम रहेको छ । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ– “धम्मो हवे रक्खतीति धम्मचारी”



Downloaded from http://www.dhamma.digital

# विषय-सूचि


१) वुद्ध वचन – १
२) सम्पादकीय – २
३) धर्मकीर्ति विहारया बुद्ध पूजा र धर्मदेशना – ३
४) दनेमाल पासापिं – ३
५) राहुलमाता - यशोधरा-२ – ४
६) ध्यानकुटी विहार तथा मैत्री केन्द्रलाई सहयोग – ५
७) धर्मकीर्ति पत्रिकाको विशेष सदस्य – ५
८) सुखया आशाय् – ५
९) के तिर्थस्थलमा स्नान गर्दा शुद्ध होइन्छ ? – ६
१०) बुद्धको अन्तिम यात्रा-२ – ८
११) सुप्रबुद्ध व कर्म – ९
१२) धर्मकीर्ति विहार - गतिविधि – १२
१३) जन्मया सार – २३
१४) धर्म प्रचार - समाचार – २४


## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| क्र.सं. | वि.सं. २०७६ | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | प्रवचक |
|---|---|---|---|
| १ | कार्तिक १८ गते, सोमवार मुखः अष्टमी | खेमावती | खेमावती |
| २ | कार्तिक २६ गते, मंगलवार सकिमना पुन्हि | केशावती | धम्मवती |
| ३ | मंसिर १ गते, आइतवार संक्रान्ति | त्यागवती | दानवती |
| ४ | मंसिर ४ बुधवार अष्टमी | दानवती | त्यागवती |
| ५ | मंसिर १० मंगलवार, औंशी | दानवती | मेत्तावती |

## दनेमाल पासापिं

✍ माधवी गुरुमां

दनेमाल पासापिं द्यनाच्वने मजिल
निर्मल जलं याकन स्नान याय् माल
प्रमादी जुयाः द्यनाच्वने मजिल
बुद्धया शिक्षा सय्काः वनेमाल

मनुष्य जन्मया महत्वया थ्वीके माल
स्मृति न्ह्योने तयाः जीवन न्ह्याके माल
चौरासी जन्म चाःहुला जुल
मोहलय् जक भुले ज्वी मजिल

संसार धयागु दुःखया खानी जुल
दुःखं मुक्त ज्वीत ज्ञान दय्क्य माल
भ्रीगु लागि दुःख सिया बिज्याम्ह बुद्ध जुल
वसपोलं क्यंगु लँपुई भ्रीनं वनेमाल

आर्य अष्टाङ्गिग मार्गयात थ्वीके माल
दुःखं मुक्त ज्वीगु लँपुई याकन वने माल



Downloaded from http://www.dhamma.digital

# राहुलमाता - यशोधरा-२

(महाअभिज्ञामा अग्र)

✍ सत्य नारायण गोयन्का

राजमार्गमा भगवान् सम्यक सम्बुद्ध आफ्ना भिक्षुसङ्घसहित अघि बढिरहेका थिए, राजमहलको बरन्दामा उभिएर यशोधराले आफ्नो पुत्र राहुललाई आफ्नो पिता भगवान् बुद्धको परिचय दिइरहेकी थिइन् ।

- हेर ! यो पङ्क्तिमा सबैभन्दा अघि हिँड्ने तिम्रो पिता हुन् ।
- हेर ! यिनको नाक लामो र सुडोल छ ।
- हेर ! यिनको आँखा नीलो रङ्गको छ, बाछिको आँखाको झैँ आकारको छ ।
- हेर ! यिनको आँखीभौँ इन्द्रधनुष आकारको छ ।
- हेर ! यिनको शरीर सुवर्णवर्ण, मुहार आकाशमा चम्केको पूर्णिमाको चन्द्रमा झैँ छ ।
- यिनी देव तथा मनुष्यका प्रिय छन् ।
- जसरी आकाशमा तारापुञ्जबीच चन्द्रमा गतिमय रहन्छ त्यसरी नै आफ्ना श्रमण श्रावकहरूले घेरिएर गतिमान छन् ।
- यिनी मनुष्यमध्यमा वीर हुन्, लोकहितका लागि गृहत्याग गरेका हुन् ।
- यी तिम्रा पिता मनुष्यहरूका सिंहसमान हुन् ।

जसरी यशोधराले प्रसन्नचित्तले आफ्नो पूर्वपतिको परिचय राहुललाई दिए, आफ्नो पतिले गृहत्याग गर्दा उनमा रत्ति पनि रीस थिएन, क्षोभ थिएन । श्रद्धा थियो, गर्व थियो कि लोकहितको लागि गृहत्याग गरेको छ, सफल भएको छ, लोककल्याणमा लागेको छ । आमाको यस्तो गरिमामय परिचयले पुत्र राहुलको मनमा पनि आफूलाई त्यागेर हिँडेका पिताप्रति रत्तिभर पनि द्वेष जागेन, श्रद्धा नै जाग्यो, गर्व नै जाग्यो ।

ममतामयी आमा यशोधराले पिताको परिचय दिएपछि राहुललाई भनिन्– "जाऊ, आफ्नो बुबालाई भेट्नु र आफ्नो अंश माग्नु ! उहाँसँग सुन र रत्नले भरेका चारवटा घैँटाहरू छन् ।"

सुन र रत्नले भरेका चारवटा घैँटा भन्नुको अर्थ ' चार आर्यसत्य' हुन्, जुन सुनभन्दा अधिक मूल्यवान् छन्, अमूल्य छन् ।

सम्यक सम्बुद्धसँग भएको चार आर्यसत्य नै अनमोल रत्न हुन्, जुन उहाँले कमाएको हो, लोककल्याणका लागि यही बाँडिरहेका छन्, तिम्रो पनि यसमा अधिकार छ, अंश छ; जाऊ, माग !

यशोधरा मनैमन सोचिरहेकी होलिन् कि– मेरो यो छोरोले राजमहलको सुखसुविधा भोगेर के प्राप्त गर्ला ? आफ्नो बुबाको कल्याणी शिक्षा पाए भने आफ्नो जीवन सफल बनाउनेछ । यही सोचेर आफ्नो छोरोलाई बिदा गर्दै भनिन् कि "जाऊ, छोरा ! आफ्नो बुबासँग अंश माग्नु ।"

राहुल खुसी हुँदै भगवान्सामु पुगे । त्यहाँ उनले यति धेरै सुख-शान्ति अनुभव गरे कि उनको मुखबाट अनायास निस्कियो कि–

"सुखा ते, समण, चाया' ति ।"

"श्रमण तिम्रो छायाँ सुखद छ ।"

भगवान्को छत्रछायाँ कसलाई सुखद नलाग्ला ? उनको सानिध्यमा साराका सारा पाप-ताप नाश हुन्छ । छोरोले बुबाको सुखद शान्तिप्रद छत्रछायाँ प्राप्त गरेका छन् । बुबाले आफूसँग भएको सम्पत्ति दिए । सारिपुत्तलाई भनेर राहुललाई प्रवज्या दिलाए ।

धर्ममय वातावरणमा हुर्केका राहुल विपश्यनाको अभ्यास गर्दै जाँदा अरहन्त अवस्था प्राप्त गरे, विनम्रतामा अग्रको उपाधि हासिल गरे । धन्य भए राहुल ! धन्य भयो राहुलले प्राप्त गरेको अंश-सम्पत्ति !

जुन सम्पत्ति दिलाउन यशोधराले आफ्नो छोरालाई प्रेरित गरेकी थिइन्, स्वयं प्राप्त गर्ने उनको मनमा पनि धर्म कामना जाग्यो । यस अनमोल रत्न कहिले प्राप्त होला, मनैमन सोच्दै रहिन् । परन्तु अन्य धेरै कारणले गर्दा भिक्षुणी बनाउने प्रक्रिया हुन सकेको थिएन । जब यसको व्यवस्था हुन्छ तब गृहत्याग गरी यस मार्गमा अघि बढेर आफ्नो र अनेकौँको हितमा जीवन समर्पण गर्ने सोचाइमा थिइन् ।

केही समयपछि महाराज सुद्धोदनको परिनिर्वाण भयो । महारानी महाप्रजापतिको मनमा धर्म-संवेग जाग्यो । भगवान्को सम्मुख आठवटा गुरुधर्मलाई स्वीकार गर्दै महाप्रजापति गौतमीले पाँच सय स्त्रीहरूसहित





Downloaded from http://www.dhamma.digital

भगवान्सँग प्रवज्या लिए। महाप्रजापति गौतमीको निवेदनअनुसार भगवान्ले भिक्षुणीसङ्घको स्थापना गर्ने अनुमति प्रदान गर्नुभयो। यशोधराले पनि महाप्रजापति गौतमीसमक्ष प्रवज्या प्राप्त गरिन्।

प्रवज्यापछि यशोधरालाई 'भद्दकच्चाना' नामाकरण गरियो। विपश्यना-भावनाको अभ्यास गर्दै जाँदा अरहन्त अवस्था प्राप्त भयो। यशोधराले भगवान् पदुमुत्तर बुद्धसमक्ष महाअभिज्ञामा अग्रको उपाधि हासिल गर्ने सङ्कल्प गरेकी थिइन्।

एक जना बुद्धका चार जनामात्र श्रावक महाअभिज्ञ हुने गर्दछ। बाँकी अरूमा यस्तो सामर्थ्य हुँदैन। भगवान् गौतम बुद्धको महाअभिज्ञ प्राप्त गर्ने श्रावकहरूमध्ये दुई जना अग्रश्रावक– आयुष्मान् सारिपुत्त र आयुष्मान् महामोग्गल्लान हुन् र आयुष्मान् बकुल र स्थविरी भद्दकच्चाना हुन्। यी श्रावकहरू असङ्ख्य कल्पको स्मरण गर्न सक्छन् भने अन्य श्रावकहरू एक लाख कल्पसम्मको स्मरण गर्न सक्छन्। भद्देकच्चानाले आफूले दीपङ्कर बुद्धसमक्ष सङ्कल्प गरेको घटना स्मरण गर्‍यो। उनीसँग यस गुण विध्यमान भएको कारण भगवान्ले जेतवनाराममा भिक्षुहरूको माझ भन्नुभयो–

"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं महाभिञ्ञप्पत्तानं यदिदं भद्दकच्चाना।"

"भिक्षुहरू ! मेरी भिक्षुणी-श्राविकाहरूमध्ये महा-अभिज्ञा प्राप्त गर्नेहरूमध्ये अग्र भद्दकच्चाना हुन्।"

भगवान् बुद्धको महापरिनिर्वाणको दुई वर्षपूर्व भद्दकच्चाना थेरीले परिनिर्वाण प्राप्त गरिन्। त्यस समय उनको उमेर अठत्तर वर्षको थियो। आयुसंस्कार पूरा भएको थाहा पाएपछि स्थविरीले भगवान्सँग निर्वाण प्राप्तिको अनुमति लिइन् र भगवान्को निर्देशनअनुसार अनेक ऋद्धिहरू प्रदर्शन गरिन्। भद्दकच्चानासँगै अन्य अठार हजार अरहन्त श्राविकाहरूले परिनिर्वाण प्राप्त गरेका थिए।

*साभारः 'विपश्यना' बु.व. २५६२, २०७५ जेठ, वर्ष-३५, अङ्क-२*

## बनेपा ध्यानकुटी विहार तथा मैत्री केन्द्रलाई सहयोग

१) सुशील कुमार कंसाकार, श्रीःघः,
रु. १०००/- दिवंगत आमा बुबाको
पुण्यस्मृतिमा।

२) राकेश शाक्य, बनेपा रु. ५००/-

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्य

*क्र.सं. ८९४*

**माधवी गुरुमां**
*यशोधरा बौद्ध विद्यालय*
*थैना, यल।*
*रु. २,०००/-*

## सुखया आशाय्

✍ **कृष्णदेवी बज्राचार्य**

गुलि सुख धकाः वइगु जि थन।
मदु मेगु छुं हे, दु अशान्ति जक॥
दुःख दुःखं जक जायाच्वंगु थ्व थाय्।
थन मालेवतुं लुई शान्ति गन॥

नजि वइगु इलय् दुः नापं सु नं।
न वनेगु इलय् वई नापं सु नं॥
न त मां न त बौ न त काय् न त म्ह्याय्।
मखु थः तकनं मखु थःम्ह थन॥

च्वने म्हाःल धकाः वने दई न थनं।
च्वने न्ह्याःजि धयां च्वने दई नथन॥
थथे भ्रीत कयाः म्हिता च्वंम्ह सु थें।
गुलि माले धुन मफु खँके छतिं॥

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

**समाजसेवी मोतिलाल शिल्पकार – रु. ५००/– मानभवन, ललितपुर**



Downloaded from http://www.dhamma.digital

# के तिर्थस्थलमा स्नान गर्दा शुद्ध होइन्छ ?

✍ पूर्णमान महर्जन

मानिस जुन वातावरणमा हुर्केको हुन्छ, त्यही वातावरण उसलाई प्यारो लाग्छ । त्यस अनुसार उसको कर्म अनि धर्म संस्कार हुन्छ । सानो छँदैं गर्दै, देख्दै आएको कुरालाई सत्य तथ्यको रुपमा स्वीकारेर जीवन यापन भइरहेको हुन्छ ।केहीमा अपवादको रुपमा राम्रो नराम्रो, कुशल अकुशल, सही गलत भनेर पहिचान गर्ने क्षमता भए तापनि अधिकांश मानिसहरू आफ्नो परम्परागत कर्मलाई धर्म सम्झेर त्यसको पछि लागेका हुन्छन् । मानस पटलमा परेको छापलाई अनिवार्य कर्मको रुपमा लिई जीवन व्यतीत गरिरहेका हुन्छन् । पुरानो परम्परागत समाजको कुरा छाडौं, अहिलेको २१ औं शताब्दीमा पनि आफू अनि अरुलाई भलो होस् या नहोस् मतलब नराखी पुर्खौदेखि चलिआएको धर्म धर्म भनी त्यसको पिछा र अनुशरण गरिरहनेहरू कम छैनन् ।

के तिर्थस्थलमा स्नान गर्दा शुद्ध होइन्छ ? भन्ने यस लेखको विषयवस्तुतिर लागौं । हाम्रो समाजमा अहिले पनि धेरै भन्दा धेरै मानिसहरूको मेला तिर्थस्थलको पोखरी, दह, कुण्ड, खोला, नदी, दोभान, त्रिवेणीमा गएर स्नान गरेमा पाप नासिन्छ, पाप बगाउँछ र शुद्ध भइन्छ भन्ने सोच बोकेको पाइन्छ । यस अनुसार समय समयमा मेला तिर्थस्थलमा गएर डुबुल्किने, नुहाउने गरेको कुरा हामी सबैले प्रत्यक्ष अनुभव गरिरहेकै कुरा हो । यसरी नुहाउँदा पाप नासिन्छ, शुद्ध होइन्छ भन्ने कुरा के सत्य हो, तथ्य हो, यथार्थ हो अनि प्रमाणित हो ? भन्ने कुरामा हाम्रो स्वतन्त्र चिन्तन मनन अवश्य गएको देखिदैन । यथार्थमा पाप या अशुद्ध कुरा बगाउँछ भने धर्म र शुद्ध कुरा पनि पानीले बगाउनु पर्ने होइन र ? खोला, नदीको काम भौतिक बस्तुसित मात्र सम्बन्धित छ भन्ने प्रकृतिको स्वभाव धर्मलाई वास्ता नगरी परम्परागत सोचमा रहनु निश्चय पनि मिथ्यादृष्टि हो । यस सम्बन्धमा केही उपमा हेरौं ।

एकपटक भगवान् बुद्धको समीपमा रहेका सुन्दरिक भारद्वाज भन्ने ब्राह्मणले भगवान्लाई प्रश्न गरे कि तपाईं स्नान गर्न बाहुका नदीमा जानुहुन्न ? भगवान्ले भन्नुभयो कि ब्राह्मण बाहुका नदीमा के लिनु छ ? बाहुका नदीले के गर्छ ? सुन्दरिक भारद्वाजले भने कि अधिकाधिक मानिसहरूले आफूले गरेका पापकर्म बाहुका नदीमा बगाउँदछन् । अनि भगवान्ले सुन्दरिक भारद्वाजलाई भन्नुभयो– "बाहुका लगायतका नदीहरूमा कालो कर्म गरेका मूर्खले दिनदिनै नुहाएर पनि उ शुद्ध हुँदैन । घोर पाप, कुकर्मी, दुष्ट मानिसहरूलाई नदीले शुद्ध गर्न सक्दैन । शुद्ध व्यक्तिको निमित्त उसँग जहिले पनि फल्गु हुन्छ, उसका निमित्त सँधै उपोसथ लिएको हुन्छ । उ सदैव परिपूर्ण हुन्छ । ब्राह्मण ! तिमी झूटो बोल्दैनौ भने, प्राणी हिंसा गर्दैनौ भने, चोर्दैनौ भने, श्रद्धावान् र मात्सर्यरहित हुन्छौं भने गया गएर के गर्छौ । गाउँको सानो कुवा पनि तिम्रो निमित्त गया हुन्छ ।"

भगवान्ले यति भन्नुभएपछि सुन्दरिक ब्राह्मणले भने कि धन्य हो ।! भगवान् धन्य हो ! जसरी घोप्टिएकालाई उत्तानो पारिदिंदा, ढाकिएकालाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाइदिंदा, अन्धकारमा बत्ती बाल्दा सबै देख्छ, त्यसरी नै भगवान्ले धर्म प्रकाश पारिदिनुभयो । त्यसैले भगवान् समक्ष प्रव्रज्या र उपसम्पदा पाउँ । सुन्दरिक भारद्वाजले प्रव्रज्या र उपसम्पदा प्राप्त गरे । केही दिनपछि नै अप्रमादी भई ज्ञान प्राप्त गरे र अरहन्तहरू मध्ये एक भए ।

अर्को उदाहरणलाई नजर राखौं । तथागत सम्यकसम्बुद्धको समयमा श्रावस्तीमा गरीब-गुरुवा अनाथहरूलाई भोजन, अन्न दान गर्ने एकजना अनाथपिण्डिक महाजन थियो । उनले त्यसबेला ५४ कोटी धन खर्चेर जेतवन विहार बनाएर भगवानलाई दान दिएका थिए । उक्त महाजनको घरमा काम गर्ने एकजना पुण्णा (पूर्णिका) भन्ने दासी थिइन् । भगवान् बुद्ध समय समयमा अनाथपिण्डिक महाजनको घरमा गएर उपदेश दिने गर्दथे । पुण्णाले पनि भगवान् बुद्धका पाप कर्म नगर्नु (शील पालन गर्नु), कुशल कर्म गर्नु, चित्त शुद्ध गर्नु आदि इत्यादि उपदेशहरू बराबर सुन्ने गर्दथिइन् । बुद्धको शिक्षा आत्मसात् गरेर पुण्णाले महाजनको घरमा विश्वासी र इमान्दारीपूर्वक काम गरी बसिन् । एक बिहानै चिसो याममा अचिरवती नदीमा पानी लिन जाँदा पुण्णाले थरथर कामेर स्यूस्यू गर्दै एक बृद्ध ब्राह्मण नुहाइरहेको देखिन् ।



Downloaded from http://www.dhamma.digital

अति जाडो याममा त्यसरी वृद्ध व्यक्ति डुबुल्किंदै नुहाइरहेको देखेर पुण्णाले सोधिन्– “किन यस्तो चिसो बिहानीमा शरीरलाई दुःख दिएर नहाउनु भएको ? वृद्ध भइसक्नुभयो । शरीर कमजोर हुन्छ । विरामी होला ।”

ब्राह्मणले भने– “यसरी खोला, नदीमा नुहायो भने पाप पखालिन्छ ।पाप बगाएर लैजान्छ । त्यसैले पाप बगाउनु र शुद्ध हुनका लागि नुहाएको हुँ ।” ब्राह्मणको कुरा सुनेर पुण्णाले भनिन्– “यसरी नुहाएमा पाप बगाएर लान्छ भने धर्म पनि लान्छ होला नि । खोला, नदीमा यसरी नुहाउँदैमा शुद्ध होइन्छ भने पानीमा बस्ने माछा, भ्यागुता, सर्प, कछुवा आदि सबै प्राणी शुद्ध हुनुपर्ने होइन र ?” केटीको उक्त कुराले वृद्ध ब्राह्मण अकमक्कमा परे । फेरि पुण्णाले भनिन्– “पापलाई बगाउन सकिंदैन । पापकर्मबाट बच्न शील पालन गर्नुपर्दछ, शुद्ध हुनलाई चित्त सफा राख्न जान्नुपर्दछ ।” यस्तो ज्ञान गुणको कुरा तिमीलाई कसले सिकाएको भनेर ब्राह्मणले सोद्धा पुण्णाले जवाफ दिइन– “हाम्रा मालिक अनाथपिण्डिकको घरमा भगवान् बुद्ध समय समयमा पाल्नुभई धर्म उपदेश दिनुहुन्छ ।”

पछि उक्त ब्राह्मण भगवान्को शरणमा पुगे । अस्वस्थ अवस्थामा शरीरलाई प्रतिकूल हुने खाने कुरालाई बार्नुपरेजस्तै भगवान् बुद्धबाट पापलाई बार्ने, चित्त शुद्ध गर्ने लगायतका धेरै ज्ञान, शिक्षा र उपदेश पाएर वृद्ध ब्राह्मणले आफ्नो जीवन सफल पारे र धन्य भए ।

स्वतन्त्र चिन्तन मनन नभएको कारण नै मानिस आफ्नो धार्मिक रुढिवाढी, अन्धविश्वास र पुरानो संस्कारबाट बाहिर आउनु नसकेको हो । खोला, नदीमा नुहाउँदा पाप पखालिन्छ, शुद्ध होइन्छ भन्ने धारणा अँगाल्नु पनि यसैको उपज हो । एकपटक भगवान् बुद्धले आफ्नो हत्केलामा एउटा अमला राखी दायाँबायाँ, तलमाथि हेरी भिक्षुहरूलाई आज्ञा गर्नुभयो– “भिक्षुहरू ! मेरो हत्केलामा के छ ?” भिक्षुहरूले जवाफ दिए– “भगवान्को हत्केलामा एउटा अमला छ ।” त्यसपछि तथागतले भन्नुभयो– “जसरी मैले अमलालाई दायाँबायाँ, तलमाथि नजर राखें, त्यसरी नै तिमीहरूले कुनै पनि कुरालाई चिन्तन, मनन, प्रयोग र परिक्षण गरेर मात्रै स्वीकार गर्नुपर्दछ । आँखा चिम्लेर कसैको कुरालाई स्वीकार गर्नुहुँदैन ।” त्यस्तै कुरा कालामहरूलाई उपदेशको क्रममा भगवान्ले भन्नुभएको छ कि प्रज्ञा, स्वतन्त्र चिन्तनविना –

१) सुनेको आधारमा मात्र कुनै कुरालाई स्वीकार नगर्नु
२) सनातन, परम्परादेखि आएको भन्दैमा स्वीकार नगर्नु
३) आफ्नो परिकल्पना, विचारसँग मेल खाएको भन्दैमा स्वीकार नगर्नु
४) पुस्तक, ग्रन्थमा उल्लेख भएको भन्दैमा स्वीकार नगर्नु
५) तर्कबाट प्रमाणित भएको भन्दैमा स्वीकार नगर्नु
६) बाहिरी आकार-प्रकार, हाउभाउ राम्रो, मिलेको भन्दैमा स्वीकार नगर्नु
७) न्यायसम्मत छ भन्दैमा स्वीकार नगर्नु
८) आफ्नो सिद्धान्त, वाद अनुकूल भन्दैमा स्वीकार नगर्नु
९) गण्यमान्य ठूलाबडा या विद्वानले भनेको भन्दैमा स्वीकार नगर्नु र
१०) आफ्नो गुरुले भनेको भन्दैमा स्वीकार नगर्नु ।

खोला, नदीको काम भौतिक वस्तुहरू खियाउनु, बगाउनु (ओसार्नु) र थुपार्नु (संग्रह गर्नु) हो । यसले कुनै पनि प्राणी, व्यक्तिको पाप (अकुशल, अशुद्ध) पनि बगाउँदैन, धर्म (कुशल, शुद्ध) पनि बगाउँदैन । किनभने पाप र धर्म भनेको भौतिक वस्तु होइन । खियाएर थुपारेर बन्ने भू-आकृति जस्तो पक्कै पनि होइन । शुद्ध हुनको लागि खोला नदीमा स्नान गरे हुँदैन । तथागत सम्यक्सम्बुद्धको कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धम्मानुपश्यना (विपस्सना)को शिक्षा अनुशरण, ग्रहण, आत्मसात र अभ्यासविना शुद्ध हुनु सम्भव छैन । सजग, सचेत, सतर्क र अप्रमादी नभईकन चित्त शुद्ध हुँदैन । भगवान् भन्नुहुन्छ–

**“हीनं धम्मं न सेवेय्य, पमादेन न संवसे ।**
**मिच्छादिट्ठिं न सेवेय्य, न सिया लोकवड्ढनो ।”**

- धम्मपद

अर्थात्- हिन (नीच) धर्मको सेवन नगर, प्रमादी नहोऊ, मिथ्या धारणामा नफस र आवागमन (पुनर्जन्म) को कामना नबढाऊ ।

सन्दर्भ ग्रन्थ -
१) बज्राचार्य, दुण्डबहादुर (२०५७), मज्झिमनिकाय, पवित्रबहादुर र अन्य, वीर-पूर्ण पुस्तक संग्रहालय, गाबहाल, ललितपुर ।
२) गुरुमाँ, डा. अनोजा (२०६९) मङ्गल उपदेश, सुलक्षण कीर्ति विहार, चोभार, काठमाडौं ।
३) महर्जन, पूर्णमान (२०७१), दुःख मुक्तिको मार्ग, श्रीमती राममाया महर्जन, सम्यक्टोल, कीर्तिपुर ।



Downloaded from http://www.dhamma.digital

# बुद्धको अन्तिम यात्रा-२

*मूल पालि अनुवादिका-* **धम्मवती गुरुमां**
*नेपालीमा अनुवादिका-* **कमला गुरुमां**

(४) "आनन्द, के तिमीले सुनिराखेका छौ, वज्जिहरूले आफूभन्दा ठूलाहरूलाई (मान्नु पर्नेहरू) मान सत्कार गर्ने गर्छन्, पूजा गरिरहन्छन्, उनीहरूको कुरा सुन्न योग्य सम्झन्छन् ?"

"सुनेको छु भन्ते, वज्जिहरूले आफूभन्दा योग्यहरूलाई पूजा सत्कार गौरव राखिरहेका छन् ।"

आनन्द, जहिलेसम्म वज्जिहरूले पूजा गर्न योग्यहरूलाई मानी उनीहरूको कुरा सुनिरहन्छन्, त्यसबेलासम्म उनीहरूको उन्नति भइरहन्छ बिग्रिंदैन ।"

(५) "आनन्द, तिमीले सुनिराखेका छौ ? वज्जिहरूले अर्काका कुलस्त्री र कुलकुमारीहरूलाई बलात्कार गरी जबरजस्ती लुटेर ल्याएका छैनन् ?"

"सुनेको छु भन्ते, वज्जिहरूले कुनै कुमारीहरूलाई जबरजस्ती बिगार्दैनन् ।"

"आनन्द, जहिलेसम्म वज्जिहरूले कुनै पनि कुलस्त्रीहरू कुलकुमारीहरूलाई बलात्कार गरी बिगार्दैनन् त्यति बेलासम्म उनीहरू सप्रिनै रहन्छन्, बिग्रिंदैनन् ।"

(६) "आनन्द, तिमीले सुनिराखेका छौ हैन ? वज्जि राज्यको भित्र वा बाहिर सार्वजनिक देवस्थान चैत्यहरू छन्, ती पूज्य स्थानलाई उनीहरूले पूजा सम्मान गरिराखेकै छन्, पहिलेदेखि गरिआएका धार्मिक पूजा दानलाई लोप गरेनन् ?"

"भन्ते सुनिराखेको छु, वज्जिहरूले देशका भित्र वा बाहिरका चैत्यलाई पूजामान पहिलेदेखि गरिआए जस्तै गरिराखेका छन् ।"

"आनन्द, जहिलेसम्म वज्जिहरूले नगरको भित्र वा बाहिरका सार्वजनिक देवस्थलको सम्मान गरिरहन्छन् र रक्षा गरिरहन्छन् त्यस बेलासम्म उनीहरूको अभिवृद्धि हुने बाहेक अवनति हुँदैन ।"

(७) "के आनन्द, तिमीले सुनिराखेका छौ ? वज्जिहरूले अरहन्त (पूज्य अतिथि) हरूलाई धर्मानुसार राम्रोसित रक्षा गरिराखेका छन्, हेरविचार गरिराखेका छन् जसले गर्दा पछि यो देशमा अरहन्तहरू आउनुहुन्छ र आइरहनु भएका अरहन्तहरू पनि सुखपूर्वक वास गर्नुहुन्छ ।"

"भन्ते, सुनेको छु वज्जिहरूले अरहन्तहरूको राम्रोसित सम्मानपूर्वक आरक्षा गरिराखेका छन् ।"

"आनन्द, जहिलेसम्म वज्जिहरूले आफ्नो देशमा आउने अरहन्त (पूज्य अतिथि) हरूलाई राम्रोसित आरक्षा गरी सुरक्षित गरिराख्छ त्यस बेलासम्म वज्जिहरू माथि नै पुग्छन् तल खस्दैनन् ।"

अनि बुद्धले मगधका महामन्त्री वर्षकार ब्राह्मणलाई बोलाई भन्नुभयो– "हे ब्राह्मण, एकचोटी मैले वैशालीको सारन्दद चैत्य भन्ने ठाउँमा बसिरहँदा यो सप्त अपरिहानीय धर्म (सातवटा नबिग्रने नियम) बताएको थिएँ । ब्राह्मण, जहिलेसम्म यो सात अपरिहानीय धर्म वज्जिहरूले पालन गरिराख्छन् अथवा उनीहरूसंग यो सात धर्म रहिरहन्छ त्यतिबेलासम्म वज्जिहरूको उन्नति नै भइरहन्छ अवनति हुँदैन भनेर बुझिलिनु ।"

यस्तो सुनेर महामन्त्री वर्षकार ब्राह्मणले भगवान् बुद्धलाई यसरी भने– "हे गौतम, यसमध्ये एउटा मात्र अपरिहानीय धर्म उनीहरूसंग भइरहुन्जेलमा पनि वज्जिहरूको नाश हुँदैनन् उन्नति नै भइरहन्छ भनी सम्झिनु पर्छ, सातवटा अपरिहानीय धर्मको त के कुरा हे गौतम, मगधका राजा वैदेहीपुत्र अजातशत्रुले षडयन्त्र गर्ने र परस्पर झगडा गर्न लगाई फाड्ने नगरिकन त्यसै लड्न गएमा त वज्जिहरूलाई बिगार्न सकिंदैन । भो गौतम, अब बिदा पाउँ । काम धेरै बाकी छन् । गर्नुपर्ने कर्तव्यहरू धेरै बाँकी छन् । यति भनी बिदा मागे ।

"ब्राह्मण, जाने समय आफैंले बुझिलिनू ।" तब मगधका महामन्त्री वर्षकार ब्राह्मण बुद्धको भाषणलाई अभिनन्दन गरी अनुमोदन गरी आसनबाट उठी फर्के ।

**भिक्षु अपरिहानीय धर्म**

भगवान् बुद्धले मगधका मन्त्री वर्षकार ब्राह्मण गएको धेरै बेर नहुँदै आयुष्मान् आनन्दलाई बोलाउनु भयो । "आनन्द, तिमी जाऊ, राजगृह नजिकै जतिपनि भिक्षुहरू छन् ती सबलाई सभागृहमा भेला गरिराख ।"

"हुन्छ भन्ते" भनेर आयुष्मान् आनन्दले भगवान् बुद्धको आज्ञा पालन गरी राजगृहका सबै भिक्षुहरूलाई

*( क्रमश: २४ पेजमा हेर्नुहोला )*



Downloaded from http://www.dhamma.digital

# सुप्रबुद्ध व कर्म

✍ सुनिता मानन्धर

राजगृह नगरया छगू गरिव परिवार । उगु परिवारया मिसा प्वाथय् दत । न्हापा हे गरिव । मचा प्वाथय् दःसांनिसें झन् दुःखी जुल । न्हियान्हिथं नये तकं थाकुल । मांया प्वाः जायेक नये तकं मखन । थुकिं यानाः प्वाथय् च्वंम्ह मचा नं द्यांलात । ई त्यल, मचाया जन्म जुल । मांया प्वाथय् हे न्हाय्, न्हाय्पं मदुम्ह । जन्म नं उकथं हे जुल । बुसांनिसें ल्वगि । मांबौया मन, थः सन्तानप्रति माया ला दइगु हे जुल । उकिं इमिसं तपस्या यात । व्रत च्वन । तर मचाया ल्वय् शान्त मजू । न्ह्याक्व हे थाकुसां इपिं दिक्क मचाः । तःधिक मजूतले लहित । वया नां सुप्रबुद्ध कोष्ठि तल । मचा बुलुहुं तःधिकः जुल । मांअबुं नं वयात कर्मकथं जिविका या धकाः त्वःताबिल ।

अनं लिपा वया जीवन झन् थाकुल । म्हया ला कुचाकुचा जुल । म्हया ला कुतुंवल । म्ह छम्हंलः जाल । सह यानां याये मफुत । व ख्वल, हाल । लँय् द्यने माल । गन गन वन अन अन हे ख्वयेगु हालेगु यात । चछिन्हिछि वया हे जक सः थुकिं यानाः अन च्वंपिं मनूत द्यने तकं मफुत । राजगृह नगरया दकलय् दुःखीम्ह जुल व । वं फोहरय् वांछ्वयातःगु वसः मुनाः पुनेमाल । छेँ खापतिकं चाःहिलाः फ्वंजुल । लँय् वांछ्वयातःगु नसा नये माल । प्वाः छगःया लागिं अतिकं दुःख सीमाल । गनं छुंकथं मनूत मुनी, अन छुं नसा नये दइगु आशां व थ्यंकः वनी ।

छन्हु तथागत बुद्ध राजगृह नगरय्बिज्यात । वसपोल राजगृह बिज्याःगु खँ नगरवासीतय्सं सिल । सकसिनं वसपोलयात भोजनया लागिं बिन्ति यात । नगरया दगुइ महामण्डप दयेकल । अन हे वसपोलयात महादान बिल ।

सुप्रबुद्ध कोष्ठीं अन म्वःम्वः मनूत खन । अन थःयात नसा दइगु आशा यात । व म्वःम्वः मनूतय् दथुइ वन । मनूतसें वयात नसा बिल । साःगु भिंगु नसा नये खन । वया चित्त लय्ताल । आनन्द जुल । एकचित्त जुल ।

वं उखेंथुखें मिखा ब्वल । वं दिव्य दृष्टिं झःझः धाःम्ह, शान्त इन्द्रीयया तथागतया खंकल । अन तथागतं उपदेश यानाच्वंगु । थ्व खनाः वया नं उपदेश न्यने मास्ति वल । व नं छथाय् फ्यतुत । एकचित्तं उपदेश न्यन । उपदेश न्यंकथं मनन यात । वं अन हे स्रोतापन्न फल प्राप्त यात । वं थुगु खँ तथागतयात न्यंकेगु विचाः यात । तर बांलाक दने तकं मफु । हुलमुलया दथुइ । सकसियां न्ह्यःने तथागतया थाय् वने मफुत । उपदेश क्वचाल । छम्ह निम्ह यायां सकलें दना वन । तथागत नं विहारपाखे बिज्यात ।

सुप्रबुद्ध नं तुतां चुयाः दन । वं तथागत नाप लायेगु बिचाः यात । उकिं विहारपाखें पलाः न्ह्याकल । थ्व सकतां देबेन्द्रं खन । देबेन्दं सुप्रबुद्धया परीक्षा कायेगु विचाः यात । देबेन्द्रं धाल– "हे सुप्रबुद्ध । छ मनूमध्ये अतिकं चीमि । यदि छं बुद्धयात बुद्ध मखु, धर्मयात धर्म मखु, संघयात संघ मखु । थनिंनिसें जित, बुद्ध नं म्वाः । धर्म नं म्वाः । संघ नं म्वाः धालधाःसा जिं छंत अपार धन बी ।"

थ्व खँ न्यनाः सुप्रबुद्ध कोष्ठीं धाल– "धिक्कार छ थेंज्याःम्ह लाज मदुम्ह मूर्खयात । छं जितः धाये मजिउगु खँ धाल । छं अन्याय यात । छाय् जितः चीमि धयागु ? जि चीमि मखु । महादीन नं मखु । जि सुखी जि । अति सुखी । महाधनी ।" थु लिधयाः व सरासर विहारपाखे वन । अन तथागत नाप लात । थः प्रतिष्ठित जूगुलिं तसकं लयताल । छुँ ई लिपा व विहारं पिहाँ वल । थःगु बाय्पाखे स्वयाः वन । लँय् वयात सां च्वल । व अन हे सित ।

थ्व छगू बुद्धकालया घटना खः अति दीन दुःखी सुप्रबुद्ध कोष्ठी थें दुःख सियाः जीवन हनाच्वंपिं थौं नं दु । झीगु मिखा न्ह्यःने । थाय् थासय् । लँय् दथुइ, दुवातय् अझ चुक, ननिइ तकं खनेदु । इपिं न्हियान्हिथं चित्कारया सलं हाली । ख्वइ । फ्वनाः नइ । अझ खि-च्वः अन हे यानाच्वनी । थ्व सकतां कर्मया भोग खः । सुप्रबुद्ध कोष्ठीं नं कर्मया कारणं दुःख सीमाल ।

छगू इलय् सुप्रबुद्ध कोष्ठी वाराणसी नगरया जुजु जुयाः जन्म जुल । उगु इलय् बुद्ध मदु । जुजु थः हे जक सर्वेसर्वा जुइमाःम्ह । वया थः जक सर्वगुण सम्पन्न धायेके यः । थः अतिकं रुपवाण गुणवान कथं सम्मानित जुइमाः उकिं वं छन्हु तिसा राजआभूषण तित । सकसिनं थःत बांलाः धायेकेगु विचाः यात । व नगरपाखे चाःहिउ वन ।



Downloaded from http://www.dhamma.digital

जुजु नगरय् चाःहिला च्वन । उगु इलय् गन्धमादान पर्वतं प्रत्येक बुद्ध नं नगरय् थ्यंगु जुयाच्वन । प्रत्येक बुद्ध शान्त स्वभाव । भिक्षाटनया लागिं चाःहिला बिज्याःगु । अतिकं बुरा, पुलांगु चीवर पुनाताःगु, थाय्थासय् पर्का तःगु । अय्नं वसपोलयात स्वः वःपिं धाःसा म्वःम्वः । थ्व खनाः जुजुया अतिकं तं पिहां वल । जुजुं, ‘सु खः थ्व कोष्ठी ? चीवर पुनाः चाःहिला च्वंम्ह ?’ धाधां ब्वः बिल ।वसपोलयात थुकलं बिबिउँ वन । थुगु कर्मया कारणं जुजुं महानरक भोग याये माल । अनं चिउताः जुल । लिपा सुप्रबुद्ध कोष्ठी जन्म जुल । अतिकं दुःख भोग यायेमाल ।

सुप्रबुद्ध कोष्ठीं दँ दं तक दुःख भोग यात । छन्हु तथागत नाप लात । वसपोलया कारणं स्रोतापन्न नं जुल । अय्नं सां च्वया सीमाल ।थुकथं मृत्यु वःगु नं न्हापाया कर्मया कारणं खः ।

छगू इलय् सुप्रबुद्ध कोष्ठी सेठया काय जुयाः जन्म जुल । छन्हु थः पासापिं नापं चाःहिउ वन । इपिं नापं छम्ह मिसा नं यंकल । वयात तिसा, वसः, ध्यबा नं बिल । इपिं न्हिछियंकं अतिकं न्ह्यइपुका च्वन ।बहनी जुल । सकलें छेँय् लिहाँ वयेत तयार जुल । सेठया कायया मनय् लोभं जाल । वं मिसायाके च्वंगु तिसा व ध्यबा काय्गु विचाः यात ।

थ्व खँ वं थः पासापिंत नं कन । उम्ह मिसायात स्यायेगु खँय् सहमत नं जुल । थ्व खँ व मिसां सिल । वं विचाःयात, ‘थुमिसं जिनाप न्हिछि न्ह्याइपुकल । आः वयाः तिसा व ध्यबाय् लोभ यात । जितः स्यायेगु स्वत । थौं छक्वः जितः इमिसं स्याइ । जिं इमित सछिक्वः यक्षणी जुयाः स्याये ।’

थथे विचाः यानाच्वंबलय् हे वयात स्याना बिल । मिसाया व हे चित्तया कारणं सुप्रबुद्ध कोष्ठी नं सा च्वयेकाः सी माल ।

जन्म थम्हेसियां धयाथें मदु । प्राणीया जन्म गन, गबलय्, सुया कूलय्, सुया क्वखं जुइ थ्व नं धाये थाकु । थ्व सकतां कर्मकथं जुइगु खः ।तःमि, चीमि, स्वस्थ, ल्वगि, रुपवान, कुरुप थ्व फुक्कं हे कर्मया कारणं जुइ । हरेक प्राणीया जन्म जुइ । थःगु ईतक कर्म भोग याइ । थन सुख नं भोग याइ । दुःख नं । जब कर्म भोग क्वचाइ । कर्मकथं संसार तोःती थ्व हे सृष्टिया नियम खः । थुगु खँयात बुद्धया शिक्षां नं यचुक बिउगु दु । ■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



जन्म :
बि.सं. २०१५ मंसिर ०८ गते

दिवंगत :
बि.सं. २०७६ मंसिर ०७ गते

## दि. ज्योतिरत्न स्थापित, न्ह्योखा बाहाः

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **ज्योतिरत्न स्थापित** दिवंगत हुनुभयो । यस दुःखद् घडीमा उहाँका परिवारले संसारको अनित्य स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् । दिवंगत ज्योतिरत्नलाई सुगति एवं निर्वाण हेतु लाभ होस् भनी कामना गर्दै पुण्यानुमोदन गर्दछौं ।

# धर्मकीर्ति पत्रिका

**धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं**



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



**दिवंगत नानी मैजु महर्जन**

*जन्म: वि.सं. १९९२ असार ८ गते*

*दिवंगत: २०७६ आश्विन १६ गते*



**दिवंगत भीममाया महर्जन**

*जन्म: वि.सं. १९९१ बैशाख*

*दिवंगत: २०७६ मंसिर ५ गते*

धर्मकीर्ति चम्पा पुचःया दुजः **नानी मैजु महर्जन** व **भीममाया महर्जन** संसारया अनित्य स्वभावयात न्ह्याब्वसे दिवंगत जुयादिल । वय्कःपिनि छ्यैंजःपिसं थुगु दुःखद् घडी संसारया त्रिलक्षण स्वभाव (अनित्य, दुःख अनात्म) यात थ्वीकाः धैर्य धारण याय्फय्मा । अथेहे दिवंगत जुयादीपिं चम्पापुचःया निम्हं दुजःपिनि सुगति प्राप्त जुयाः निर्वाणया हेतु नं याकनं चूलाय्मा धकाः पुण्यानुमोदन यानाच्वना ।

# धर्मकीर्ति चम्पा पुचः

## धर्मकीर्ति विहार

श्रीघः, नःघः, यैं ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## विषय- दीघनिकाय (महा निदान सुत्त)

*२०७६ कार्तिक ९ गते*
*प्रवक्ता- उर्मिला ताम्राकार*
*प्रस्तुती- मिनरवती तुलाधर*

यसदिन उर्मिला ताम्राकारले महानिदान सुत्त अर्न्तगत सप्त विज्ञान स्थितिहरूको विषयमा प्रवचन दिनु भएको थियो ।

सप्त विज्ञानको स्थिति भन्नाले सात प्रकारका चित्तलाई भनिन्छ । ती हुन् –

१) नानाकाय र नानासंज्ञा हुने सत्व प्राणीहरू जस्तैः काम धातुका देवताहरू (इन्द्र, चतुर्महाराज), मनुष्यहरू, विनिकातिपहरू (आफै उत्पन्न हुने किराहरू) वैमानिक देवताहरू हुन् । यो पहिलो विज्ञान स्थिति हो । यिनीहरूको शरीर विभिन्न प्रकारको भएकोले नाना प्रकारको संज्ञा दिइन्छ ।

२) नानात्वकाय एकत्व संज्ञा - ध्यान गर्दा गर्दै ब्रह्मकायिका देवताहरूको आकृति विभिन्न प्रकारको भएतापनि ध्यानको प्रभावले ब्रह्मलोकमा उत्पन्न हुन्छन् । यो दोस्रो विज्ञान स्थिति हो ।

३) एकत्वकाय र नानात्व संज्ञा - सबै तत्व प्राणीहरूको शरीर एउटै भएपनि पहिचान मात्र फरक-फरक हुन्छन् । जस्तैः आभास्वर देवताहरू, यो तेस्रो विज्ञान स्थिति हो ।

४) एकत्व काय एकत्व संज्ञा - जुनसुकै प्राणीहरूको शरीर चिन्तन देखिए तापनि शरीर र संज्ञा एउटै हुन्छन् । यो चौथो विज्ञानस्थिति हो ।

५) आकाशानत्यायतन = आकाश + अनन्त + आयतन

चतुर्थ ध्यानमा पुगिसकेको व्यक्तिले अरुप ध्यान गर्छन् । रुप संज्ञा अतिक्रमण गरी द्वेष चित्तलाई अन्त गरि आकाशको अन्त दिने छैन भनेर चर्तुब्रह्म विहारको भावना गरिन्छ । यो पाँचौ विज्ञानस्थिति हो ।

६) विज्ञानन्त्यायतन = विज्ञान + अनन्त + आयतन

आकाश अनन्त छ भनेर थाहा पाउने चित्तले वा विज्ञानले नै हो । चित्त वा विज्ञान अनन्त छ भनेर ध्यान गर्छन् । यो छैठौं विज्ञान स्थिति हो ।

७) आकिञ्चन्यायतन - केही छैन भन्ने आयतन वा ध्यान आरम्मणमा खाली, सुन्यता चित्त आउँछ । यो सातौं विज्ञान स्थिति हो ।

★

## दण्डवग्ग

*२०७६ कार्तिक २३ गते, शनिवार*
*प्रवक्ता- देवकाजी शाक्य*
*प्रस्तुती- राजभाई तुलाधर*

**मावोच फरुसं कञ्चि, वुत्ता पटिवदेय्यु तं ।**
**दुक्खा हि सारम्भकथा, पटिदण्डा फुसेय्यु तं ।**

कसैलाई पनि कडा वचन नबोल्नु, यदि बोल्यौ भने तिमीलाई पनि कडा जवाफ नै आउने छ । कठोर वचनको कारणले दुःख शुरु हुन्छ, दण्ड भोग्नुपर्ने हुन्छ ।

सचे नेरेसि अत्तानं, कंसो उपहतो यथा ।
एस पत्तोसि निब्बानं, सारम्भो ते न विज्जति ॥

एउटा फुटेको घण्टाले गुञ्जन हुने आवाज ननिकाले झैं यदि तिमीले कठोर वचन सुनेर पनि आफूलाई शान्त राख्न सक्यौ भने तिमी निर्वाणको बाटोमा अगाडि बढ्ने छौ, तिमीमा कठोरता हुने छैन ।

भगवान् बुद्धले उपरोक्त दुईवटा गाथाहरू कोण्डधान भिक्षुको सन्दर्भमा व्यक्त गर्नुभएको थियो । कोण्डधान भिक्षाटनमा जाँदा उसको पछि पछि एउटा महिलाको आकृति देखिन्थ्यो । अरुले दखे पनि उसले चाहिं देख्दैनथ्यो । भिक्षु सँगसँगै महिला पनि देख्ने गरेकोले त्यहाँका वासिन्दाहरूले प्रसेनजीत राजाकहाँ गएर यो दुःशील भिक्षुलाई राज्यबाट बाहिर निकाल्नु पऱ्यो भने । राजाले परीक्षण गरेर हेर्दा त्यो महिला देखिने मात्रै गरेको साँच्चैको होइन भन्ने थाहा पायो, त्यसैले भिक्षुलाई दरवारमा भिक्षाटनको लागि आउन भने । यो कुरा थाहा पाएर अरु भिक्षुहरूले उसलाई गाली गलौज गऱ्यो । उसले पनि उनीहरूलाई गाली गर्न थाल्यो ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि भिक्षुहरूले बुद्धकहाँ गएर यो कुरा भन्न गयो। बुद्धले कोण्डधानलाई बोलाउन पठाएर उसले पूर्वजन्ममा गरेको दुष्कर्मको कारणले 'तिमीले नदेख्ने तर अरुले देखिने गरी तिम्रो पछि पछि महिलाको आकृति लागेको' भन्नुभयो। उ पूर्वजन्ममा एउटा देव थिए। उसले दुई जना मिल्ने भिक्षुहरूको बीचमा फाटो ल्याउन एउटा महिलाको रुप धारण गरेर दुई मध्ये एउटा भिक्षुको पछि लाग्ने गरेको थियो। त्यही दुष्कर्मको कारणले अहिले उसको पछाडि पछाडि एउटा महिलाको आकृति लागेको भनेर बुद्धले भन्नुभयो। अब देखि अरु भिक्षुसँग झगडा नगर्न भन्नु भएर माथिको गाथाहरू भगवान्ले व्यक्त गर्नुभयो।

**यथा दण्डेन गोपाली, गावो पाचेति गोचरं।**
**एवं जरा च मच्चु च, आयुं पाचेन्ति पाणिनं॥**

जसरी हातमा लट्ठी लिएर गोठालाले गाईलाई गौचरणमा लैजान्छ, त्यसरी नै बुढापा र मृत्युले प्राणीहरूले आयुलाई क्षीण गरीरहेको हुन्छ।

एकचोटी पाँच सय महिलाहरू उपोसथ शील धारण गर्न पुब्बाराम विहारमा गए। त्यहाँ विशाखा उपासिकाले उनीहरूसँग के को लागि ब्रत बस्न लागेको भनी प्रश्न गरे। तिनीले विभिन्न वर्ष समूहबाट विभिन्न जवाफ पाए। बृद्ध महिलाहरूले अर्को जन्ममा देवलोकमा उत्पन्न हुनको लागि भने। विवाहित जवान महिलाहरूले छोरा पाउनको लागि भने। अविवाहितहरूले राम्रो पति पाउनको लागि भने। यस्तो जवाफहरू पाएपछि विशाखाले उनीहरू सबैलाई बुद्धकहाँ लगे। जब तिनीले ती विभिन्न जवाफहरूको बारेमा बुद्धलाई भने, वहाँले भन्नुभयो– "विशाखा ! सबै सत्व प्राणीहरू जाति, जरा, मरणको दुःख चक्रमा घुमिरहेका हुन्छन्। तर उनीहरू यस चक्रबाट मुक्ति पाउने कोशीस नगरिकन संसारमै रमाइरहन चाहन्छन्।" यही कुरालाई सम्झाउन भगवान्ले माथिको गाथा पनि व्यक्त गर्नुभयो।

अथ पापानि कम्मानि, करं बालो न बुज्झति।
सेहि कम्मेहि दुम्मेधो, अग्गिदड्ढोव तप्पति॥

मूर्खले पापकर्म गर्ने वेलामा मैले पाप गरिरहेको छु भन्ने थाहा पाउँदैन, पछि दुष्कर्मको फल भोग्ने वेलामा आगोले झैं उसलाई पोल्छ।

महामोग्गलान भन्तेले लक्खन स्थवीरसँगै गृद्धकुट पर्वतबाट तल ओर्लिरहेको बेला एउटा अजिंगर प्रेतलाई देख्नुभयो जसको शरीरबाट आगोको लप्काहरू निस्किरहेका थिए। जेतवन विहारमा पुग्नु भएपछि महामोग्गलान भन्तेले बुद्धको अगाडि लक्खनलाई यो कुरा भने। बुद्धले सो प्रेतलाई पहिले नै देखि सकेको भन्नु भएर उसले पूर्वजन्ममा गरेको पापकर्मको फल अहिलेसम्म भोगिरहेको भन्नुभयो। कस्सप बुद्धको समयमा ऊ एउटा निष्ठुर चोर थियो। उसले एउटा धनी मान्छेको घरमा सातपटक सम्म अगो लगाएको थियो। कस्सप बुद्धलाई दान दिएको भवनमा पनि आगो लगाई दिएको थियो। धेरै समय नरकमा दुःख भोगेर अहिले अजिंगर प्रेत भएर पनि आगोको लप्काहरू शरीरमा तल माथि भइरहेको छ। यसै सन्दर्भमा भगवान्ले भन्नुभयो कि कसैले पनि पाप गरेर त्यसको दुष्परिणामबाट बच्न सक्दैन। माथिको गाथाले यही शास्वत कुरालाई दर्शाउँछ।

★

## पुनःनिर्मित धर्मकीर्ति विहारको १७ औं जन्मोत्सब सम्पन्न

*२०७६ मंसिर १० गते, मंगलवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल।*

धर्मकीर्ति विहार भवन पुनः निर्माण गरिएको १७ वर्ष पूरा भएको शुभ उपलक्ष्यमा धर्मकीर्ति संरक्षण कोषका उपाध्यक्ष (पुनः निर्मित धर्मकीर्ति विहार भवनका दाता) द्रव्यमान सिंह तुलाधर एवं उहाँकी धर्मपत्नी बसुन्धरा तुलाधर प्रमुख सपरिवारको आयोजनामा विहारको १७ वर्षिय जन्मोत्सव सम्पन्न भएको छ।

सोही उपलक्ष्यमा औंशी पर्वको उपलक्ष्यमा सञ्चालित बुद्धपूजा कार्यक्रममा सहभागी सबै उपासक उपासिकाहरूलाई दाता परिवारबाट जलपान दान गरियो।

भिक्षु, भिक्षुणी गुरुमांहरूबाट सामूहिक परित्राण पाठ पश्चात् दाता परिवारबाट सश्रद्धा दान प्रदान गरी पुण्यानुमोदन गरिएको उक्त कार्यक्रममा सहभागी सम्पूर्ण भिक्षु भिक्षुणी गुरुमांहरूलाई जलपान एवं भोजन दान गरी पुण्य सञ्चय गरिएको थियो।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति संरक्षण कोषको सोऱ्हौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएको धर्मकीर्ति संरक्षण कोषको वार्षिक प्रतिवेदन

## (आ.व. २०७५/०७६)

*प्रस्तुती- सचिव प्रफुल्ल कमल ताम्राकार*

१) बि.सं. २०७५ श्रावण देखि २०७६ आषाढ मसान्तसम्म धर्मकीर्ति संरक्षण कोषको कार्यकारिणी समितिको बैठक जम्मा १५ पटक विभिन्न मितिमा सम्मपन्न भएको छ।

२) धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष विहार प्रमुख (शासनधज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित) श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको ८५ औं जन्मोत्सवको उपलक्ष्यमा मिति २०७५ श्रावण ६ गते आइतवार देखि १३ गते आइतवार सम्म भिक्षु महासंघको तर्फबाट अभिधर्म पाठ र धर्मदेशना कार्यक्रम सम्पन्न भएको थियो भने महायानी लामा गुरुहरू र बज्रयानी गुरुजुहरूको तर्फबाट मंगलपाठ सम्पन्न गरिएको थियो।

३) मिति २०७५ श्रावण ११ गते, शुक्रवार। गुरुमांको जन्म दिनमा उहाँको सुस्वास्थ्य एवं दीर्घायु कामना गरी धर्मकीर्ति विहार संरक्षण कोषका पदाधिकारीहरूको तर्फबाट नेपाल अर्बुद रोग निवारण संस्था भक्तपुर क्यान्सर अस्पतालका विरामी व्यक्तिहरूलाई खाद्य वस्तु लगायत अन्य वस्तुहरू वितरण गरिएको थियो।

४) मिति २०७५ श्रावण १२ गते शनिवार। धर्मकीर्ति विहार संरक्षण कोषको निमन्त्रणामा सम्माननिय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली एवं उहाँकी श्रीमती राधिका शाक्यज्यूले श्रद्धेय धम्मवती गुरुमांलाई शुभकामना एवं उपहार चढाउनका लागि धर्मकीर्ति विहार पुग्नु भएको थियो।

सोही दिनमा परियत्ति शिक्षा १० कक्षा उत्तीर्ण सद्धम्म कोविद उपाधि प्राप्त गर्न सफल हुनुभएका नेपालका सबै भिक्षु, गुरुमांहरू र उपासक, उपासिकाहरूलाई भिक्षुणी धम्मवती गुरुमांबाट धर्मपूजा गर्नुभई सम्माननिय प्रधानमन्त्री र राधिका शाक्यज्यूले पुरस्कार प्रदान गर्नुभएको थियो। यसरी नै म्यानमारका महामहीम राजदूत लगायत उहाँका सपरिवार र काठमाडौं महानगरपालिकाको मेयेर श्री विद्या सुन्दर शाक्य र उपमेयर हरीप्रभा खड्गी श्रेष्ठज्यू पनि धर्मकीर्ति विहारमा आउनुभई धम्मवती गुरुमांलाई शुभकामना चढाउनु भएका थिए।

५) २०७५ श्रावण २६ गते। धर्मकीर्ति विहार धम्महलमा धर्मकीर्ति विहार संरक्षण कोषका सदस्य सह-प्राध्यापक मदनरत्न मानन्धरका लेख, रचना संग्रह पुस्तक "धर्म व व्यवहार" विमोचन गरिएको थियो। कोषका अध्यक्ष भिक्षुणी धम्मवती गुरुमांको सभापतित्वमा सम्पन्न यस कार्यक्रम कोषका सदस्य अरुणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको थियो।

६) २०७५ भाद्र ६ बुद्धवार। भारतको दिल्ली स्थित B.L. Kapoor Hospital मा स्वास्थ्य परीक्षण गराउनका लागि कोषका अध्यक्ष भिक्षुणी धम्मवती गुरुमां दिल्ली प्रस्थान गर्नुभएको थियो। उहाँको साथमा कोषका सदस्य मदनरत्न मानन्धर र नविन चित्रकार पनि जानुभएको थियो।

७) २०७५ आश्विन २० गते। धर्मकीर्ति विहार संरक्षण कोषको पन्ध्रौं वार्षिक साधारण सभा विहारको धम्महलमा सम्पन्न।

८) २०७५ कार्तिक ५ सोमवार। विपश्यना ध्यानका वरिष्ठ आचार्य दि. रत्नमञ्जरी गुरुमांको १२ औं पुण्यतिथिको उपलक्ष्यमा थाइलैण्डका भन्तेहरू लगायत म्यानमारका प्रव्रजित गुरुमांहरू र धर्मकीर्ति विहार र यस विहारका शाखा विहारहरूबाट आउनुभएका प्रव्रजित गुरुमांहरूबाट दिनभर महापरित्राण पाठ गर्नुभएका थिए। महापरित्राण पाठ गर्नुहुने सबै भन्ते गुरुमांहरूलाई रत्न मञ्जरी गुरुमांको पुण्य स्मृतिकोषबाट दान प्रदान एवं जलपानको प्रायोजन गरिएको थियो। धर्मकीर्ति पुलाँपुचःको तर्फबाट भोजन प्रायोजन गरिएको थियो।

९) २०७५ कार्तिक १९ गते, सोमवार। किम्डोल स्थित धर्मकीर्ति सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण कार्य सम्पन्न भएको कारणले सम्वन्धित ठेकेदारबाट उक्त भवनको साँचो स्वास्थ्य कमिटीका संयोजक रोशनकाजी तुलाधरलाई हस्तान्तरण गरियो।

१०) २०७५ मंसिर १५ गते, शनिवार।



Downloaded from http://www.dhamma.digital

म्यानमारका नेतृ एवं State Counsellor आङ्ग साङ्ग सुकीलाई धर्मकीर्ति विहारमा स्वागत । एशिया प्यासिफिक सम्मेलनमा सहभागी हुन आउनुभएकी म्यानमारका नेतृ एवं State Counsellor आङ्ग साङ्ग सुकीले धर्मकीर्ति विहारमा अनौपचारिक भ्रमण गर्नुभएकी थिइन् । यस कार्यक्रममा म्यानमारका राजदूत, का.म.न.पा.का मेयर विद्या सुन्दर शाक्य, काठमाडौं २५ वडाका अध्यक्ष श्री नीलकाजी शाक्य लगायत वडाका अन्य सदस्यहरू पनि सहभागी हुनुभएका थिए ।

११) २०७५ मंसिर २१ गते, शुक्रवार । पुनः निर्मित धर्मकीर्ति विहारको १६ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहार संरक्षण कोषका उपाध्यक्ष (पुनः निर्मित धर्मकीर्ति विहारका दाता) श्री द्रव्यमान सिंह तुलाधर, उहाँकी धर्मपत्नी बसुन्धरा तुलाधर प्रमुख सपरिवारको तर्फबाट एक कार्यक्रम आयोजना गरी कार्यक्रममा सहभागी उपासकोपासिकाहरूलाई जलपान प्रायोजन गर्नुभएको थियो । यसरी नै भन्ते गुरुमां लगायत कोषका पदाधिकारी सबैलाई जलपान भोजनको प्रायोजन गर्नुभएको थियो ।

१२) २०७५ मंसिर २१ गते, शुक्रवार । धर्मकीर्ति विहारको लागि काठमाडौं महानगर पालिकाबाट प्रदान गरिएको माइक, स्पीकर, च्यानल मिक्सर आदि Sound System का.म.न.पा.का मेयर श्री विद्या सुन्दर शाक्यज्यूले धर्मकीर्ति विहारका प्रमुख श्रद्धेय धम्मवती गुरुमांलाई हस्तान्तरण ।

१३) २०७५ मंसिर २२ गते, शनिवार । लुम्बिनी विश्वविद्यालयको १४ औं वार्षिकोत्सव र भवन उद्घाटन कार्यक्रमको उपलक्ष्यमा बौद्ध दर्शन, शिक्षा तथा साहित्य क्षेत्रमा योगदान दिनुहुने बौद्ध विद्वानहरू, भिक्षु ज्ञानपूर्णिक महास्थविर, भिक्षुणी धम्मवती एवं रिम्पोछे श्रीधर शम्शेर राणालाई राष्ट्रपति विद्यादेवी भण्डारीबाट कदर स्वरुप खाडा ओढाई सम्मानपत्र प्रदान गर्नुभएको थियो ।

१४) २०७५ पौष १५ गते, आइतवार । धर्मकीर्ति विहार संरक्षण कोषका उपाध्यक्ष श्रद्धेय भिक्षुणी धम्मदिन्ना (चमेली गुरुमां) ८० वर्ष पुग्नु भएको उपलक्ष्यमा सिनामंगल स्थित Airport होटेलमा भिक्षु महासंघबाट महापरित्राण पाठ गरिएको थियो । चमेली गुरुमांका भाई अमृतरत्न शाक्य सपरिवारबाट आयोजित उक्त कार्यक्रममा धर्मकीर्ति विहार संरक्षण कोषका पदाधिकारीहरू सहभागी भई गुरुमांलाई धर्मउपहार प्रदान गरिएको थियो ।

१५) २०७६ माघ १९ गते, शनिवार । धर्मकीर्ति विहार, धर्मोदय सभा र युवक बौद्ध मण्डलको संयुक्त आयोजनामा जावलाखेल स्थित DAV स्कूलमा कम्मट्ठानाचार्य ध्यान गुरु श्रद्धेय भिक्षु प्रज्ञाश्री महास्थविरबाट "विश्वशान्ति मैत्रीयुक्त वातावरणको लागि विपश्यना ध्यानको महत्व" विषयक वृहत धर्मदेशना कार्यक्रम सम्पन्न । यस कार्यक्रमको लागि कोषका प्रथम सह-कोषाध्यक्ष डा. रीना तुलाधरबाट रु. २५,०००/- आर्थिक व्ययभार व्यहोर्नु भएको थियो ।

१६) २०७५ चैत्र १४ विहीवार, अष्टमी । धर्मकीर्ति विहारका सह-संस्थापिका पूज्य दो. गुणवती गुरुमां ९५ वर्षको उमेरमा बर्मास्थित "म्यानमार नेपाल" विहारमा नेपाली समय अनुसार १:३० बजे दिवंगत हुनुभयो । अनन्त गुणले समपन्न हुनु भएका पूज्य दो. गुणवती गुरुमांको गुणानुस्मरण गरी उहाँको निर्वाण कामना गर्दै तत्कालिन संघ-उपनायक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक भिक्षु कौण्डञ्ञ, भिक्षुणी धम्मवती, गुरुमां सहित अन्य गुरुमांहरूबाट धर्मकीर्ति विहारमा परित्राण र पूण्यानुमोदन सम्पन्न गरियो ।

१७) २०७५ चैत्र २२ गते, शुक्रवार, औंशी । यसदिन दिवंगत दो. गुणवती गुरुमांको पुण्यस्मृतिमा धर्मकीर्ति विहार संरक्षण कोषले श्रद्धाञ्जली सभाको आयोजना गरियो । अध्यक्ष भिक्षुणी धम्मवती गुरुमांको सभापतित्वमा, भिक्षु कोण्डञ्ञको प्रमुख अतिथित्वमा सञ्चालित उक्त कार्यक्रम सह-कोषाध्यक्ष अरुणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको थियो । म्यानमार राजदूतावासका (First Secretary) प्रथम सचिव, सभासद कृष्णगोपाल श्रेष्ठ र अन्य गण्यमान्य व्यक्तिहरू पनि उपस्थित हुनुभएको उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधर दिवंगत दो. गुणवती गुरुमांको परिचय र योयदान प्रस्तुत गर्नुभएको थियो ।

१८) २०७५ चैत्र २२ गते, शुक्रवार, औंशी । धर्मकीर्ति विहार संरक्षण कोषका धम्मानुशासक, छैठौं संघनायक पूज्य भिक्षु अश्वघोष महास्थविर ९३ वर्षको



Downloaded from http://www.dhamma.digital

उमेरमा काठमाडौं स्थित ग्राण्डी इन्टरनेशनल अस्पताल, टोखामा दिवंगत हुनुभयो । दिवंगत भन्तेको पार्थिव शरीर २०७५ चैत्र २४ गते आइतवार कर्णदीपमा दाहसंस्कार गरियो । यही दिन भन्तेको सुगति एवं निर्वाण कामना गरी धर्मकीर्ति विहारमा श्रद्धेय धम्मवती गुरुमां सहित अन्य गुरुमांहरूको तर्फबाट परित्राण पाठ गरियो। अन्त्यमा कार्यक्रममा सहभागी सबै लगायत कोषका पदाधिकारीहरूबाट सामूहिक पुण्यानुमोदन गरियो ।

१९) २०७५ चैत्र ३० गते, शनिवार । धर्मकीर्ति विहार संरक्षण कोषको आयोजनामा धर्मकीर्ति विहारमा "नेपाल आँखा दान समाज र नेपाल छाला बैंक" को तर्फबाट आँखा दान र छाला दान सम्वन्धी जनचेतना कार्यक्रम सम्पन्न ।

२०) २०७६ बैशाख १४ गते, शनिवार । धर्मकीर्ति विहार संरक्षण कोष धर्मकीर्ति विहार धम्महलमा आयोजित एक कार्यक्रममा विद्याधर आचार्य महायोगी श्रीधर राणा रिम्पोछे र लुम्बिनी विश्व विद्यालयका नव-नियुक्त उपकुलपति प्रो. डा. हृदयरत्न बज्राचार्यलाई भव्य स्वागत गरियो । अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांको सभापतित्वमा सह-कोषाध्यक्ष अरुण सिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा सदस्य अगम्य रत्न कंसाकारले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने पूर्व सचिव मीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो । सदस्य मदनरत्न मानन्धरले रिम्पोछे गुरु र उपकुलपति बज्राचार्यको परिचय प्रस्तुत गर्नुभएको थियो ।

२१) २०७६ बैखा २९ आइतवार, अष्टमी । धर्मकीर्ति विहारको धम्महलमा यसदिन धर्मकीर्ति विहार संरक्षण कोषले छैठौं संघनायक दिवंगत भिक्षु अश्वघोष महास्थविरको गुणानुस्मरण गरी श्रद्धाञ्जली सभाको आयोजना गरियो ।

२२) २०७६ असार २० गते, शुक्रवार । धर्मकीर्ति विहार संरक्षण कोषको आयोजनामा धर्मकीर्ति विहार धम्महलमा रुसी राजदूतावासका प्रथम सचिव र रुसी विज्ञान तथा सँस्कृति केन्द्रका निर्देशक यूलिया एण्ड्रोसोभाको तर्फबाट "Buddhism for Peace" विषयमा प्रवचन कायक्रम सम्पन्न गरियो । भिक्षुणी धम्मवती गुरुमांबाट पञ्चशील प्रार्थना गराइएको उक्त कार्यक्रम कोषका सचिव प्रफुल्लकमल ताम्राकारले सञ्चालन गर्नुभएको थियो । कोषाध्यक्ष अजयरत्न स्थापितले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा सदस्य मदनरत्न मानन्धरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

२३) २०७६ असार २० गते, शुक्रवार । नयाँ दिल्ली स्थित बि.एल. कपूर अस्पतालका क्यान्सर विशेषज्ञ डा. आर. रंगारावको नेपाल भ्रमणको क्रममा धर्मकीर्ति विहारमा आउनु भई विहार प्रमख धम्मवती गुरुमांसँग भेटघाट गर्नुभयो । उक्तदिन धर्मकीर्ति विहारमा उहाँले क्यान्सर रोग सम्वन्धी विशेष जानकारी प्रस्तुत गर्नुभएको थियो ।

२४) २०७६ असार २६ देखि श्रावण २ गते सम्म । धर्मकीर्ति विहारका संस्थापिका, शासनधज धम्माचरिय, अग्ग महा गन्थवाचक पण्डित भिक्षुणी धम्मवती गुरुमांको ८६ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहार धम्महलमा उहाँका सुस्वास्थ्य एवं दीर्घायु कामना गरी भिक्षु महासंघको तर्फबाट साप्ताहिक अभिधम्म पाठ सम्पन्न भयो । २०७६ साल असार ३१ गते मंगलवार गुरु पूर्णिमाको दिन श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको जन्मदिनको उपलक्ष्यमा ललितपुर सानेपा स्थित "Health Home Care Nepal, Care Home of Elders" "वरिष्ठ नागरिकको सम्मान विशिष्ट सेवा" मां रहनुभएका जेष्ठ नागरिक र बिरामीहरूलाई खाद्य पदार्थ र अन्य वस्तुहरू धर्मकीर्ति विहार संरक्षण कोषका पदाधिकारीहरूबाट वितरण ।

२५) आ.ब. २०७४/०७५ को धर्मकीर्ति विहारमा व्यवस्थापन सम्वन्धी नियमित आय-व्यय लेखा परिक्षण, दर्ता, नविकरण, कर इत्यादि विषयक कार्य सम्पन्न ।

२६) २०७५ चैत्र देखि राष्ट्रिय सम्मान स्वरुप नेपाल सरकारको तर्फबाट धर्मकीर्ति विहार प्रमुख भिक्षुणी धम्मवती गुरुमांको स्वास्थ्योपचारको लागि आजीवन औषधी खर्च व्यहोरियो ।

२७) धर्मकीर्ति विहार संरक्षण कोषको सदस्यता विवरण विशेष सदस्य संख्या (प्रति व्यक्ति रु. १०,०००/-) ३० जना । यी मध्ये ७ जना विशेष सदस्यहरू दिवंगत भइसक्नु भएका छन् । आजीवन सदस्य संख्या - ६२८ जना (यी मध्ये हालसम्म ३८ जना दिवंगत भइसक्नु भएका छन् ।)



Downloaded from http://www.dhamma.digital

# भिक्षुणी गुरुमांहरूबाट सामूहिक परित्राण पाठ




*भिक्षुणी धम्मवती गुरुमां ओवाद दिनुहुँदै*

*२०७६ मंसीर ९ गते*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन Buddha Tara Centre का प्रमुख His Holiness Buddha Maitreya र Her Holiness Mandarva Tara California लाई धर्मकीर्ति विहारमा स्वागत गरी धम्मवती गुरुमां लगायत अन्य गुरुमांहरूबाट सामूहिक परित्राण पाठ गरी उहाँहरूलाई मैत्री दिनुभएका थिए । उहाँहरूका लगभग ३० जना शिष्यहरूलाई पनि धर्मकीर्ति विहारमा स्वागत गरिएको थियो ।

ओवाद दिने क्रममा भिक्षुणी धम्मवती गुरुमांले भक्तिमार्ग होइन हामीलाई ज्ञानमार्गले सही मार्ग देखाउने र मन शुद्ध पार्न सकेमात्र सक्कली सुख प्राप्त हुने विषयमा जोड दिनुभएको थियो ।

यसरी नै Buddha Maitreya ले पनि ओवाद दिने क्रममा संसारमा शान्ति कायम गर्ने क्षेत्रमा महिला र पुरुषको बराबर जिम्मेवारी रहेको विषयमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा भिक्षुणी धम्मवती गुरुमांबाट Buddha Maitreya र Mandarva Tara लाई सम्झनाको चीनो प्रदान गर्नुभएको थियो ।

*"मुर्खहरूले आफैलाई सत्रु बनाएर पाप कर्म गर्छन् । त्यही पाप कर्मको कटु फल पछि आफैलाई प्राप्त हुनेछ ।"*
*- धम्मपद*



Downloaded from http://www.dhamma.digital

# अन्तर निम्न माध्यमिक विद्यालय स्तरिय बौद्ध हाजिरी जवाफ प्रतियोगिता

*२०७६ मंसिर १४ गते, शनिवार ।*
*स्थान- धम्महल, धर्मकीर्ति विहार ।*

यसदिन धर्मकीर्ति विहारका संस्थापिका शासनधज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित भिक्षुणी धम्मवती गुरुमांको ८६ औं जन्मोत्सवको शुभउपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा अन्तर निम्न माध्यमिक विद्यालय स्तरिय बौद्ध हाजिर जवाफ प्रतियोगिता सम्पन्न गरिएको छ ।

गोष्ठीका अध्यक्ष भिक्षुणी धम्मवती गुरुमांको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा सचिव लोचनतारा तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । सरोज मानन्धरले सञ्चालन गर्नुभएको उक्त हाजिर जवाफ प्रतियोगितामा जेन्युइन सेकेण्डरी स्कूल भक्तपुर, यशोधरा मा.वि. ललितपुर, अन्नपूर्ण मा.बि. काठमाडौं, एभरेष्ठ इङ्गलिस स्कूल मा.वि. भक्तपुर आदि गरी ४ वटा स्कूल सहभागी भएका थिए ।

पुरस्कार वितरण –

प्रतियोगितामा विजयी स्कूल एवं विद्यार्थीहरूलाई प्रमाण पत्र र पुरस्कार वितरण गर्नुहुने पुरस्कार दाताहरू –

प्रथम पुरस्कार – भिक्षुणी धम्मवती गुरुमां
दोस्रो पुरस्कार – स्व. अमरलक्ष्मी तुलाधरको पुण्यस्मृतिमा) राजशिरोमणी, मोहिनी तुलाधर
तेस्रो पुरसकार – रसवन्ति तुलाधर
सान्त्वना पुरस्कार – सरोज मानन्धर

१) प्रतियोगिताको परिणाम यसप्रकार रहेको छ –

| क्र.सं. | सहभागी विद्यालय | कूल प्राप्ताङ्क | श्रेणी |
|---|---|---|---|
| १ | जेन्युइन सेकेण्डरी स्कूल, भक्तपुर | ४६ | प्रथम |
| २ | एभरेष्ट इङ्गलिस स्कूल, भक्तपुर | ३९ | दोस्रो |
| ३ | यशोधरा माध्यमिक विद्यालय | ३६ | तेस्रो |
| ४ | अन्नपूर्ण माध्यमिक विद्यालय | २२ | चौथो |




*हाजिर जवाफ प्रतियोगितामा सहभागी चार विद्यालयका विद्यार्थीहरू*



Downloaded from http://www.dhamma.digital



*पुरस्कार र प्रमाणपत्र प्राप्त गर्न सफल चारैवटा विद्यालयका विद्यार्थीहरू भिक्षुणी धम्मवती गुरुमांसँग प्रसन्न मुद्रामा*

२) स्कोर बोर्ड – रामकुमारी मानन्धर

३) साउण्ड सिष्टम – अरुणसिद्धि तुलाधर

४) टाइम किपर – सुमित्रा तुलाधर

५) प्रश्न वितरक – सुभद्रा स्थापित

६) निर्णायक मण्डल (Judge Board)
भिक्षु पञ्ञासार, कुसुम गुरुमां, त्यागवती गुरुमां ।

७) प्रश्नकर्ता (Quiz Master)
वीर्यवती गुरुमां, दीना कंसाकार ।

प्रतियोगिताको अन्त्यमा सभापती धम्मवती गुरुमांले ओवाद देशना दिनुभई कार्यक्रम समापन गर्नुभएको थियो भने मचाकाजी महर्जनले धन्यवाद ज्ञापन गर्नुभएको थियो । सो पश्चात् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट कार्यक्रममा सहभागी सबैलाई जलपान प्रायोजन गरिएको थियो ।


*कार्यक्रम सञ्चालन गर्ने क्रममा प्रश्नकर्ता एवं निर्णायक मण्डल*






Downloaded from http://www.dhamma.digital

# दोस्रो अन्तर्राष्ट्रिय त्रिपिटक पाठ सम्पन्न





*सूत्र पिटक पाठ गर्नुहुँदै नेपाली भन्तेहरू*

२०७६ कार्तिक २८ - ३० गते सम्म
स्थान- लुम्बिनी

लुम्बिनी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ समारोहको आयोजनामा लुम्बिनीमा यसपाली दोस्रो अन्तर्राष्ट्रिय त्रिपिटक पाठ कार्यक्रम भव्य रुपमा सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

प्राप्त समाचार अनुसार कार्तिक २८ गते त्रिपिटक ग्रन्थ सहित विशिष्ट व्यक्तिहरूको उपस्थितिमा नेपाल लगायत विभिन्न देशबाट आउनुभएका भन्ते गुरुमांहरूका साथै काठमाडौं, बुटवल, पोखरा आदि स्थानहरूबाट बौद्ध समाजका उपासकोपासिकाहरूका साथ पदयात्रा शान्तिदीप स्थल देखि मायादेवी मन्दिर परिक्रमा गरी सभा स्थल पुगेका थिए । त्रिपिटक पाठ लुम्बिनीस्थित मायादेवी मन्दिरको उत्तर पूर्वको उद्यानमा गरिएको थियो ।


उपसंघनायक भिक्षु वोधिसेन महास्थाविरले शील प्रार्थना गराउनु भएको उक्त कार्यक्रमको शुभारम्भ प्रदेश ५ का मुख्य मन्त्री शंकर पोखरेल, सांसद सुजिता शाक्य,




*पाठ गर्नुहुँदै Myanmar का भन्तेहरू*



Downloaded from http://www.dhamma.digital




*पाठ गर्नुहुँदै नेपालका प्रव्रजित गुरुमांहरू*

लुम्बिनी साँस्कृतिक नगरपालिका प्रमुख मनमोहन चौधरी तथा थाइलैण्डका पूर्वमन्त्री कुनिन सुधारतले संयुक्त रुपमा दीप प्रज्वलन गरिएको थियो ।

कार्यक्रममा मुख्यमन्त्री पोखरेलले लुम्बिनीको विकास र पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकारले अघि बढाइरहेको विकास निर्माणका कार्यहरू बारे जानकारी दिनुभएको थियो ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु मेत्तेय्यले यस कार्यक्रम शान्ति प्रेमी जनताको साझा कार्यक्रम भएको विषयमा प्रकाश पार्नुभएको थियो ।

यसरी नै आयोजक समितिका अध्यक्ष भिक्षु मैत्री महास्थविरले इतिहासमा पनि त्रिपिटक सज्झायन कार्यक्रमहरू राजाको संरक्षणमा नै हुने गरेको घटना उल्लेख गर्नुहुँदै लुम्बिनीमा अब सरकारी स्तरबाटै सञ्चालन गर्नुपर्ने विषयमा पनि जोड दिनुभयो ।

करीब २५ देशका लगभग १००० जना भन्दा बढी भिक्षु भिक्षुणी तथा उपासकोपासिकाहरूको सहभागिता रहेको कुरा आयोजकको तर्फबाट थाहा हुन आएको छ ।

कार्यक्रमको संक्षिप्त विवरण –

पहिलो दिन, कार्तिक २८ गते

नेपाली भिक्षुहरूको नेतृत्वमा सुत्तपिटक अन्तरगतको दीघनिकायको ब्रह्मजाल सूत्र वाचन। त्यसपछि श्रीलंकाली भिक्षुहरूबाट सूत्त पाठ ।

दोस्रो दिन, कार्तिक २९ गते

भियतनामी तथा क्याम्बोडियाली भिक्षुहरूबाट पाठ। त्यसपछि चिनिया, जापानी तथा कोरियन भिक्षुहरूको नेतृत्वमा सूत्रहरू पाठ ।

तेस्रो दिन, कार्तिक ३० गते

थाई भिक्षुहरूको नेतृत्वमा पाठ सम्पन्न ।

दिउँसो वज्रयानी गुरुजूहरू, थेरवादी नेपाली प्रव्रजित गुरुमांहरू तथा महायानी आनीहरूबाट पाठ ।

यसरी लगभग एकहजार भिक्षु भिक्षुणीहरू तथा अन्यले एकैसात तीनदिन सम्म पाठ गरियो ।

यसमा नेपाल, भारत, चीन, श्रीलंका, थाइलैण्ड, म्यान्मार, भियतनाम, लाओस, कोरीया, जापान तथा अन्य केही देशका प्रतिनिधिहरू सहभागी थिए ।

धर्मदेशना –

पहिलो दिन– उपसंघनायक भिक्षु वोधिसेन महास्थविर तथा सिंगापुरका भिक्षु सुमनासिरी महास्थविरबाट धर्मदेशना भएको थियो ।

दोस्रो दिन– विद्याधर आचार्य महायोगी श्रीधर राणा रिम्पोछेबाट धर्मदेशना ।

तेस्रो दिन– सूत्रपाठ पश्चात् औपचारिक समापन कार्यक्रम सञ्चालित ।

आयोजनाको तर्फबाट कार्यक्रम सञ्चालनार्थ सहयोग गर्नुहुने विभिन्न संस्था तथा व्यक्तिहरूलाई सम्मानस्वरुप सम्झनाको चीनो प्रदान गरिएको थियो ।

मन्तव्य व्यक्त गर्ने क्रममा लुम्नी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ समिति अध्यक्ष भिक्षु मैत्री महास्थविरले सबैको सहकार्य एवं सहभागिताले कार्यक्रम सफल भएको चर्चा गर्नुभएको थियो भने अन्तर्राष्ट्रिय त्रिपिटक पाठ परिषदका सदस्य वाङ्मो डिक्सले कार्यक्रम सफलताको उपलक्ष्यमा बधाई दिनुभएको थियो ।

*( क्रमशः २२ पेजमा )*



Downloaded from http://www.dhamma.digital

# बौद्ध परियत्ति शिक्षामा उत्तिर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण




*पुरस्कार प्राप्त गरी प्रसन्न मुद्रामा रहेका विद्यार्थीहरूका साथ शिक्षकहरू*

*२०७६ जेठ ११ गते*
*धर्मकीर्ति विहार, धम्महल ।*

धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र धर्मकीर्ति विहारबाट २०७५ सालमा बौद्ध परियत्ति शिक्षा परीक्षामा उत्तिर्ण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको छ ।

भिक्षु विपुलसारको प्रमुख अतिथित्व एवं भिक्षुणी धम्मवती गुरुमांको सभापतित्त्वमा अरुणशिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा केशावती गुरुमांले स्वागत मन्तव्य दिनुभएको थियो भने खेमावती गुरुमांले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

पुरस्कार दाताहरूको विवरण –

१) भिक्षुणी धम्मवती गुरुमां - स्कुल झोला ८५ वटा
२) प्रत्येक मान र जगत शोभा तुलाधर - चैत्य २ वटा
३) अंगुरमान र सूर्यलक्ष्मी तुलाधर - फ्रेम २ वटा
४) श्याममान बज्राचार्य - मैत्री बुद्धमूर्ति १० वटा
५) धर्मकीर्ति विहारका गुरुमांहरूबाट - कापी, कलम, रुमाल, साबुन आदि सरसामानहरू ।
६) धर्मकीर्ति बुद्ध पूजा कमिटी - श्रद्धानुसार आर्थिक सहयोग, उपासिका मीना तुलाधरबाट जलपान प्रायोजन ।

**दोस्रो अन्तर्राष्ट्रिय त्रिपिटक पाठ .... बाँकी अंश**

यसरी नै लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु मेत्तेयले यो बौद्धहरूको मात्र नभई सम्पूर्ण नेपालीहरूको पनि कार्यक्रम भएकोले आगामी दिनको कार्यक्रममा यसमा अझ धेरै व्यक्तिहरूको सहभागी रहने आशा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा सहभागीहरूले विश्व शान्ति कामना गरी दीपयात्रा गर्नुभएका थिए ।

**बुद्धहरूको मूल शिक्षा**

"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा;
सचित्त परियोदपनं एतं बुद्धान सासनं"

अर्थ- **"कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।"**

**"NOT TO DO EVIL, TO CULTIVATE MERIT, TO PURIFY ONE'S OWN MIND."**

भावार्थ- **पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन ।
मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ ।**



Downloaded from http://www.dhamma.digital

# अभिधर्म - ६

*२०७६ मंसिर १४ गते, शनिवार*
*प्रवचक- भिक्षु पञ्ञासार स्थविर*
*प्रस्तुति- उष्णीषतारा तुलाधर*

यसदिन श्रद्धेय पञ्ञासार भन्तेले परमार्थ धर्म कसरी खोज्ने भन्ने विषयमा चर्चा गर्नुभयो । उहाँले बताउनुभएका प्रमुख कुराहरू निम्न प्रकार छन् -

अभिधर्म अनुसार विपस्सनाद्वारा मानसिकरूपले परमार्थ धर्म खोज्न सकिन्छ। प्रज्ञप्तिलाई विभाजन गरेर हेर्दै जाँदा परमार्थ धर्म देख्न सकिन्छ। उदाहरणको रूपमा कुनै एक व्यक्तिलाई पञ्चस्कन्ध, धातु तथा आयतन अनुसार टुक्रा टुक्रा गरेर, विभाजन गरेर उसभित्र विद्यमान परमार्थ धर्मलाई पत्ता लगाउन सकिन्छ । पञ्चस्कन्धको समूहलाई नामरूप पनि भनिन्छ।

**पञ्चस्कन्धद्वारा विभाजन गर्ने तरिका यसप्रकार छ –**

वेदना, सञ्ञा, संखार ] चेतसिक
विञ्ञाण - चित्त
(वेदना, सञ्ञा, संखार, विञ्ञाण) ] नाम

महाभूत रूप, उपादाय रूप ] रुप

**चित्तलाई विभाजन गर्ने तरिका –**

कामावचर चित्त - ५४
रूपावचर चित्त - १५
अरूपावचर चित्त - १२
लोकुत्तर चित्त - ८/४०
८९/१२१

*(चित्त संक्षिप्तमा ८९ वटा र विस्तृतमा १२१ वटा छन् ।)*

**चेतसिकलाई विभाजन गर्ने तरिका –**

अञ्ञसमान चेतसिक - १३
अकुसल चेतसिक - १४
सोभण चेतसिक - २५
५२

**रूपलाई विभाजन गर्ने तरिका –**

महाभूत रूप - ४
उपादाय रूप - २४
२८

धातु अनुसार विभाजन गर्ने तरिका २ किसिम छन् –

१. ४ धातु - पथवी धातु, आपो धातु, तेजो धातु, वायो धातु
२. १८ धातु - {६ इन्द्रिय (चक्खु, सोत, घाण, जिव्हा, काय, मन), ६ विषय (रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्म), ६ विज्ञान (चक्षु विज्ञान, श्रोत विज्ञान, घ्राण विज्ञान, जिव्हा विज्ञान, काय विज्ञान, मन विज्ञान) = १८}

आयतन अनुसार २ किसिमबाट विभाजन गर्न सकिन्छ -

१. आध्यात्म आयतन -
चक्खु, सोत, घाण, जिव्हा, काय, मन = ६
२. बाहिर आयतन-
रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्म = ६
जम्मा १२ आयतन

यसप्रकार प्रज्ञप्ति धर्मलाई टुक्रा टुक्रा गरेर हेरेमा परमार्थ धर्म देख्न सकिन्छ ।

## जन्मया सार

**लेलिन शाक्य**

जन्म ब्यूथें मामं थन
जन्म जुयागु सार जुइमाः
दइमखु हाकनं थुगु जन्म
सुकर्म यानाः यश तय्माः
बरदान खः थ्व जन्म
थ्वगु ब्यू थें ब्यूगु मामं
छ्वय्मज्यू थ्वयात सितिं
याय्माः सार तमाम
मजूसा सार जन्म जूथें
धिक्कारे याइ थःगु मनं
जन्म खः थ्व मामं ब्यूगु
त्वयत निभाल थें दन्न
स्वय्दइमखु संसार थ्व
मब्यूसा जन्म मामं थुलि
अनित्य जूसां क्यना बिल
गुण मांया गुलि दु गुलि



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार

समाचार

## मैत्री सूत्र पाठ सम्पन्न




*मैत्री सूत्र पाठ गर्नुहुँदै गुरुमांहरू*

*२०७६ मंसिर ९ गते*
*स्थान- निर्वाणमूर्ति, किम्डोल विहार ।*

यसदिन निर्वाणमूर्ति, किम्डोल विहारमा दिवंगत हुनुभएका सबैको पुण्य स्मृतिमा दिनभर मैत्रीसूत्र पाठ सम्पन्न गरिएको छ। भिक्षुणी गुरुमांहरूबाट पाठ गरिएको उक्त कार्यक्रममा भिक्षुणी कुसुम गुरुमांले धर्मदेशना गर्नुभएको थियो ।

अन्त्यमा दिवंगत हुनुभएका व्यक्तिहरूको पुण्य स्मृतिमा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।

## **"बुद्धको अन्तिम यात्रा-२"** केही अंश ...

सभागृहमा जम्मा गरे । यसरी जम्मा गरिसकेपछि भगवान् कहाँ गई वन्दना गरी एक कुनामा बसी आननदले भगवान् बुद्धलाई भिक्षुहरू जम्मा गराइसकेको सूचना दिए । "भन्ते समय हेरी पाल्नुहोस्" पनि भने ।

त्यसपछि भगवान् बुद्ध आसनबाट उठी जहाँ सभागृह रहेको हो त्यहाँ जानुभयो । बिछ्याइराखेको आसनमा बसी भिक्षुहरूलाई सम्बोधन गर्नुभयो । "भिक्षुहरू ! म तिमीहरूलाई सात अपरिहानीय धर्म (नबिग्रिने नियम) उपदेश दिन्छु, त्यसलाई राम्रोसित सुनी मनमा धारण गरिराख, म भनेर ल्याउँछु ।" "हुन्छ भन्ते" भनेर भिक्षुहरू सबै सुन्नलाई तयार भए । भगवान्ले यसो भन्नुभयो–

(१) जहिलेसम्म भिक्षुहरूले सधैं समूहीकृत भई सल्लाह गरिरहने बानी बसालिरहन्छन् । त्यतिबेलासम्म भिक्षुहरूको राम्रो भइरहन्छ र बिग्रिंदैन ।

(२) जहिलेसम्म भिक्षुहरू मिलेर एउटैं समूहमा रहिरहन्छ एकत्रित र एक ढिका भइरहेर संघको कर्तव्य पालन गरिरहेका हुन्छन् त्यतिबेलासम्म भिक्षुहरूको उन्नति हुन्छ, अवनति हुँदैन भन्ने बुझिलेऊ ।

(३) जहिलेसम्म भिक्षुहरूले नभएका नियम बनाएर, बनाइराखेको नियम उल्लङ्घन गर्दैन, नियम अनुसार आचरण गरिरहन्छ त्यति बेलासम्म भिक्षुहरूको राम्रै भइरहन्छ नराम्रो हुँदैन । *क्रमशः ...*



Downloaded from http://www.dhamma.digital

# कथिन उत्सव सम्पन्न

२०७६ साल एवं बुद्ध सम्वत् २५६३ मा विभिन्न विहारहरूमा विनयपूर्वक वर्षावास अधिष्ठान पूरा भएको उपलक्ष्यमा कथिनोत्सव मनाइएको समाचारहरू प्राप्त भएका छन् ।

१) **नगदेश विहार –**

वर्षावास अधिष्ठान सम्पन्न गर्नुभएका श्रद्धेय थाई भिक्षु खनोङ्ग महास्थविर ।

२०७६ कार्तिक २१ गते, विहिवारका दिन बुद्ध पूजा गरी साँस्कृतिक बाजागाजाका साथ सयौं उपासकोपासिकाहरूद्वारा ऐतिहासिक साँस्कृतिक नगर नगदेश परिक्रमा गरिएको थियो । तत्पश्चात् श्रद्धेय भिक्षु महासंघको तर्फबाट अखिल नेपाल भिक्षु महासंघका निवर्तमान अध्यक्ष भिक्षु बोधिसेन महास्थविरबाट पञ्चशील प्रार्थना गराउनु भएको उक्त सभामा भिक्षु पञ्ञारत्नबाट कथिनोत्सव पर्वको अर्थ र यसको बुद्ध शासनिक क्षेत्रमा रहेको ऐतिहासिक उपादेयता विषयमा विश्लेषण गर्नुभएको थियो । श्रद्धेय खमेसी गुरुमां लगायत अन्य २० जना कथिन दाताहरूले सामूहिक तवरले श्रद्धेय भिक्षु माहासंघलाई "पवित्र कथिन" दान गरिएको उक्त कार्यक्रममा २३७ जना अष्टपरिष्कार दाताहरूले भिक्षु संघलाई अष्टपरिष्कार दान गरी पूण्य सञ्चय गर्नुभएका थिए ।

स्मरणिय छ, दान गरिएको अष्टपरिष्कारको एकमुष्ट रकम ३,५५,५००/- लुम्बिनीमा निर्मित थेरवाद विहारको लागि अर्पण गरिने छ ।

२) **नरः बुद्ध विहार, हाडीगाउँ**

२०७६ कार्तिक २५ गते । नरः बुद्ध विहार हाडीगाउँ आवासिय भिक्षु श्रद्धेय पुण्य भन्तेले बुद्ध शासन विनयाकूल नरः बुद्ध विहारमा तीन महिना सफलतापूर्वक वर्षावास सम्पन्न गर्नुभएको उपलक्ष्यमा कथिन चीवर सिँगारिएको रथमा राखी बाजागाजा सहित कथिन दाताहरू, अष्टपरिष्कार दाताहरू लगायत उपासक उपासिकाहरूको भव्य ऱ्यालिले वडा परिक्रमा गरी नरः बुद्ध विहारको प्राङ्गणमा भेला भई श्रद्धेय भिक्षु संघलाई कथिन चीवर दान कार्यक्रम सम्पन्न भएको समाचार छ । प्राप्त समाचार अनुसार उपसंघनायक श्रद्धेय बोधिसेन महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा भिक्षु पञ्ञरत्नले कथिन दानको महत्व विषयमा धर्मदेशना गर्नुभएको थियो ।

नरः बुद्ध विहारका उपाध्यक्ष तथा संरक्षक सदस्य श्यामलाल चित्रकार, सूर्यलाल प्रजापति, पन्नाकाजी शाक्य लगायत ६८ जना कथिन दाताहरूले कथिन दान गर्नुभएको उक्त कार्यक्रममा १२४ जना दाताहरूले १२४ जोर अष्टपरिष्कार दान गर्नुभएका थिए ।

सभापतिको आसनबाट भिक्षु पुण्णले कथिन उत्सब महोत्सवमा उपस्थित सहभागीहरू लगायत उक्त कार्यक्रम सफल पार्न आवश्यक सहयोग पुऱ्याउनुहुने सबैलाई धन्यवाद ज्ञापन गर्नुभएपछि पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो । कार्यक्रम महासचिव नरेश डंगोलले सञ्चालन गर्नुभएको थियो ।

# दुर्लभ ऋषिणी प्रव्रज्या सम्पन्न

*नगदेश बुद्ध विहार*

बुद्ध सम्वत् २५६३ मा नगदेश बुद्ध विहारमा श्रद्धेय थाई भिक्षु खनोङ्ग (Khanong) महास्थविर विनयपूर्वक वर्षावास पूरा गर्नुभएको उपलक्ष्यमा विहारका १६ जना उपासिकाहरू गृहत्याग गरी अल्पकालिन दुर्लभ ऋषिणी प्रव्रजित जीवनयापन गर्नुभएको समाचार छ । यसरी नै पवित्र कथिनोत्सवको उपलक्ष्यमा नगदेश बुद्ध विहारको प्राङ्गणमा ४२३ वर्गफीट स्थानमा ढुङ्गा छाप्ने कार्य पनि सम्पन्न गरेको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ ।

# परियत्ति वक्तृत्वकला प्रतियोगिता

*शाक्यसिंह विहार, थैना, ललितपुर ।*


शाक्य सिंह विहारमा ३४ औं परियत्ति वक्तृत्वकला शिक्षा प्रतियोगिता सम्पन्न भएको समाचार छ ।

समाजसेवी मोतिलाल शिल्पकारको सभापतित्वमा र ललितपुर क्षेत्र नं. २ का सभासद कृष्णलाल महर्जनको प्रमुख अतिथित्वमा सञ्चालित उक्त कार्यक्रममा शाक्य सिंह विहारको तर्फबाट तिरिसा शाक्य प्रथम, दिपालय परियत्ति केन्द्र गुईतः त्वा:बाट आर्यन जि.सि. द्वितीय र सुवर्ण क्षत्रपुर परियत्ति केन्द्र विहार लु.भु.बाट रोहिणी महर्जन तृतिय हुन सफल भएका थिए ।

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ गो.हु.का. (साविकको म.क्षे.हु.नि.द.नं.) १७/०६५/०६६ (०७६/०७७)

# भिक्षुणी डा. अनोजा गुरुमांको ५० औं प्रव्रज्या दिवस सम्पन्न



*दुर्लभ ऋषिणी र गुरुमां प्रव्रज्यामा सहभागी उपासिकाहरू*



**मन्तव्य ब्यक्त गर्नुहुँदै पूर्व सभासद सुभाषचन्द्र नेम्वाङ्ग**

*२०७६ मंसिर १ देखि ७ गतेसम्म*
*स्थान- सुलक्षणकीर्ति विहार, चोभार ।*

सुलक्षणकीर्ति विहारका संस्थापक श्रद्धेय भिक्षुणी डा. अनोजा गुरुमां बुद्ध शासनमा प्रव्रजित हुनु भएको ५० औं वर्ष पूर्ण भएको सुखद उपलक्ष्यमा उहाँको सुस्वास्थ्य, दीर्घायु तथा सारा प्राणीहरूको मङ्गल कामना गर्दै श्रद्धेय भिक्षु महासंघबाट साप्ताहिक महापरित्राण पाठ सम्पन्न गरिएको छ । यसरी नै भिक्षुणी गुरुमांहरूबाट साप्ताहिक अभिधर्म पाठ पनि सम्पन्न भएको छ ।

*मंसिर १ गते*

संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर एवं अन्तर्राष्ट्रिय भिक्षुणी संघका अध्यक्ष भिक्षुणी धम्मवतीको विशेष अतिथित्वमा पूर्व सभासद माननिय सुभाषचन्द्र नेम्वाङ्गको प्रमुख अतिथित्व एवं भिक्षुणी अनोजाको सभापतित्वमा उद्घाटन कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रममा नेपालका सातौं संघनायक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर र भिक्षुणी धम्मवतीबाट बुद्ध शासनिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानलाई कदर गरी उहाँहरूलाई विशेष सम्मान गरिएको थियो ।

उक्त साप्ताहिक कार्यक्रममा ५० जना उपासिकाहरूलाई दुर्लभ गुरुमां प्रव्रज्या र ऋषिणी प्रव्रज्या (साप्ताहिक) पनि सम्पन्न गरिएको छ । मंसिर १ देखि ६ गतेसम्म हरेकदिन ज्ञानमाला भजन, बुद्धपूजा, धर्मदेशना आदि कार्यक्रम सञ्चालन गरिएको उक्त कार्यक्रमको अन्तिम दिन मंसिर ७ गते बुद्धपूजा, महापरित्राण पाठ समापन गरिएको थियो । यसदिन भिक्षुणी डा. अनोजाको बुद्ध शासनिक योगदानलाई कदर गरी उहाँको ५० औं प्रव्रज्या दिवसको उपलक्ष्यमा अन्तर्राष्ट्रिय भिक्षुणी संघ लगायत विभिन्न संस्थाहरूबाट अभिनन्दनपत्र चढाई सम्मान गरिएको थियो । उक्त कार्यक्रम प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीका धर्मपत्नी राधिका शाक्यको प्रमुख अतिथित्वमा सञ्चालन गरिएको थियो ।

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



साभार: बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

ज्ञान प्राप्त गरी बुद्ध बनिसकेपछि धर्मोपदेश दिनको लागि राजगिरी आउनु होला भनी राजा बिम्बिसारले गृहत्यागी सिद्धार्थलाई अग्रिम निमन्त्रणा गर्दै ।

वर्ष-३७; अङ्क-८

बु.सं. २५६३, योमरी पुन्हि

Downloaded from http://www.dhamma.digital

आवरण चित्र परिचय

# मगध यात्रा

*लेखक-* **कल्याण मित्र सत्यनारायण गोयन्का**
*अनुवाद-* **भिक्षुणी वीर्यवती**

राजकुमार सिद्धार्थले अनोमा नदी पारी पुगी श्रमण भेष धारण गऱ्यो। त्यसपछि एक्लै मगधतर्फ प्स्थान गऱ्यो। उसको लागि गृहत्यागी जीवनको नयाँ अनुभव थियो यो। सोही मार्ग हुँदै जाँदा अनुप्रिया गाउँ नजिक एक घना आम्रवन थियो। अनुप्रिया आम्रवनमा एक हप्ता एक्लै रही एकान्त बनबास प्रव्रज्या सुखको पहिलो अनुभव प्राप्त गऱ्यो। ध्यान सिक्नको लागि उसले आचार्य आलारकालाम समक्ष जाने निर्णय गऱ्यो।

अनुप्रियाबाट अगाडि बढ्दै मगध राजधानी राजगिरी पुगे। नगरको राजमार्गमा घर घरमा भिक्षा ग्रहण गर्दै अगाडि बढ्यो। उक्त स्थानमा मानिसहरूले उनको तेजिलो अनुहार, फराकिलो छाती, वृहत्त शरीर देखि आश्चर्य चकित रहे। उनीहरूले यस्तो आकर्षक व्यक्तित्त्व सहितको भिक्षुलाई कहिले पनि देखेका थिएनन्। जसले उसलाई देख्छ, उसले आँखा नझिम्काईकन टोलाएर हेरिरहन्थ्यो।

मगध नरेशले पनि राजमहलको बार्दलीबाट राजमार्गमा भिक्षाटनको लागि आइरहेका उक्त भव्य व्यक्तित्त्वका धनीलाई देखेर विस्मय विभोर भए। यो कुनै सामान्य र साधारण व्यक्ति नभएको ठाने। तर को रहेछ यिनी ? यो थाहा पाउनको लागि उसले आफ्नो राजपुरुषहरू उक्त गृहत्यागीलाई पछ्याउन पठाए। उनीहरूले देखे, उक्त व्यक्तिले प्रयाप्त मात्रामा भिक्षा प्राप्त भएपछि उनी नगर बाहिर पांडु गुफाको एक चट्टानमाथि बसी आहार सेवन गर्न लागेको रहेछ। आहार सेवन गर्दा उसको आन्द्रा नै बाहिर निस्किएला जस्तो भई उक्त आहार निल्न कठिन् भइरहेको देखिन्थ्यो। किनभने उसले पहिलो पटक भिक्षाटन गरी प्राप्त भएको उक्त रुखा, सुखा आहार कहिले पनि देखेको थिएन। खानु त कता कता ! तैपनि मनले धैर्य गर्दै उसले आहार सेवन गर्न थाल्यो। यो दृश्य हेरेर गएका ती राजसेवकहरूले बिम्बिसार महाराजालाई सबै समाचार सुनाए। त्यसपछि राजा बिम्बिसार स्वयं त्यहाँ पुगे। त्यसबेलासम्ममा उक्त गृहत्यागी व्यक्तिले भोजन खान सिद्धाइसकेको रहेछ। राजाले त्यहाँ पुग्ने बित्तिकै उनलाई नमस्कार गरी यसरी प्रश्न सोध्यो– "तिमी कुनै क्षत्रिय कुलको नवयुवक जस्तो देखिन्छौं। मेरो जिज्ञासा पूरा गर्न चाहन्छौ भने तिमीले मलाई आफ्नो परिचय दिन सक्छौ ?"

गृहत्यागी राजकुमारले आफ्नो परिचय दिंदै उनी हिमालयको तराईमा अवस्थित कोशल देशवासी धीर एवं पराक्रमी राजाको सुपुत्र भएको जानकारी दिए। त्यतिमात्र होइन उनले आफ्नो गोत्र सूर्यवंशीको शाक्य जाती रहेको र त्यही कुलबाट प्रव्रजित भएको विषयमा पनि प्रष्ट पारे।

यति सुनिसकेपछि राजा विम्बिसारलाई उक्त गृहत्यागी व्यक्ति कोशल साम्राज्यको शाक्य गणतन्त्रका राजा शुद्धोदनको पुत्र रहेको विषयमा थाहा पाउन बेर लागेन। राजाले सोच्यो– "यो प्रभावशाली युवक पारिवारिक मनमुटाव भएको कारणले घर त्यागी प्रव्रजित भएको होला।"

यति सोची राजाले उक्त गृहत्यागी व्यक्तिलाई प्रव्रजित जीवनबाट मुक्ति दिलाउनका लागि आफ्नो साम्राज्यको एक भाग दिने प्रस्ताव राखे। प्रव्रजित राजकुमारले त्यसलाई दृढतापूर्वक इन्कार गरिदिए।

उसले आफू लोकको सबै भौतिक सम्पत्ति त्यागी लोकोत्तर अवस्थाको परम सत्य प्राप्त गर्नको लागि प्रव्रजित भएको आफ्नो लक्ष्य प्रष्ट्याउँदै यस लक्ष्य पूरा गर्नको लागि दृढ सङ्कल्प रहेकोले राजा बिम्बिसारको प्रस्ताव स्वीकार्न नसकिने जानकारी पनि दिए।

महाराज बिम्बिसारले गृहत्यागी राजकुमार लक्ष्य प्राप्तिको लागि आफ्नो सङ्कल्पमा अडिग रहेको जानकारी पाएपछि उक्त दृढनिश्चयी गृहत्यागीलाई सम्यक सम्बोधि प्राप्त भइसकेपछि धर्म उपदेश दिनको लागि राजगिरी अवश्य आउनु भनी निवेदन गऱ्यो। गृहत्यागी राजकुमारले यसको स्वीकृती पनि दियो र आफ्नो यात्रा अगाडि बढायो।

Downloaded from http://www.dhamma.digital